यो ठाउँ नियमित
विज्ञापनका लागि
खाली छ ।
सम्पर्क: ०६१–५३६४५५

राष्ट्रिय दैनिक

गोल्डेन न्यूज

Golden News National Daily

○वर्ष ८ ○अंक ३७ ○श्रेणी 'क' ○२०७२ कार्तिक १४ गते शनिबार ○ 31 Oct. 2015 ○पृष्ठ ४ ○मूल्य रू. ५/-

खुशीको खबर !!!
योग निद्रा सिकेर आफूलाईं रोगमुक्त राख्नुहोस् ।
नेपाल र पोखरामा पहिलो पटक ।
शरीर मन र आत्माको जुनसुकै रोग निवारण हुन्छ ।
शुल्क मात्र रु.१०००।- मात्र आफै आफूलाई रोगमुक्त गराउने एकमात्र ।
सिक्नुहोस्, सिक्नुहोस्, सिक्नुहोस्...र रोगमुक्त हुनुहोस् ।
मोवाइल : ९८१६१०२२१६

उपराष्ट्रपतिमा यादव र पासाङ भिड्दै

✍गोल्डेन न्यूज संवाददाता
काठमाडौं १३ कार्तिक ।

शनिबार हुने उपराष्ट्रपति निर्वाचनमा दुई जना उम्मेद्वार भिड्ने भएका छन्। सत्तारूढ गठबन्धनको तर्फबाट एमाओवादीका उम्मेद्वार नन्दकिशोर पुन पासाङ र कांग्रेसका समानुपातिक सांसद् अमियकुमार यादव एक आपसमा भिड्ने भएका हुन्। यसअघि चार जनाले उम्मेद्वारी दिएपनि दुबैले आ-आफ्नो उम्मेद्वारी फिर्ता लिएपछि दुई मात्र उपराष्ट्रपतिमा भिड्ने भएका हुन्।संसद् सचिवालयले शुक्रबार विहान १० बजेदेखि अपरान्ह १ बजेसम्म उमेद्ववारी दर्ताको समय तोकेको थियो। सत्तारुढ गठबन्धनले एकीकृत नेकपा माओवादीका स्थायी समिति सदस्य नन्दकिशोर पुनलाई उमेद्वार बनाएको छ। ५० वर्षिय पुनको खास नाम भने नन्दबहादुर पुन हो। तत्कालीन माओवादीका लडाकु कमाण्डर रहेका पुनलाई उपराष्ट्रपति पदमा जिताउन नेकपा एमालेका वरिष्ठ नेता झलनाथ खनाल प्रस्तावक बसेका छन् भने राप्रपा नेपालका सचेतक दिलनाथ गिरी र मधेशी जनअधिकार फोरम लोकतान्त्रिकका सांसद् योगेन्द्र चौधरी समर्थक बसेका छन्। प्रधानमन्त्री केपी शर्मा ओली, एकीकृत नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल लगायतका नेताहरुले संविधानसभा भवनको ल्होत्से हल पुगेर उम्मेदवारी दर्ता गराएपनि पुनलाई उपराष्ट्रपति बनाउने प्रस्तावमा सत्ता गठबन्धनका अन्य दलहरुले समर्थन गरेका छैनन्। सत्ता गठबन्धनका सबै दलहरु सभामुख, उपसभामुख र राष्ट्रपतिको निर्वाचनमा एक ठाउँमा उभिएका थिए। नेपाली काँग्रेसले सिरहाका समानुपातिक सांसद् अमियकुमार यादवलाई उमेद्वार बनाएको छ। ६९ वर्षिय यादवलाई उपराष्ट्रपति बनाउन संसद् सचिवालयमा दर्ता

गराइएको प्रस्तावमा काँग्रेसका प्रमुख सचेतक चिनकाजी श्रेष्ठ प्रस्तावक तथा सचेतक इश्वरी न्यौपाने समर्थक बसेका छन्।

मधेश आन्दोलनका कारण संविधानको कार्यान्वयन चुनौतीपूर्ण बनेको अवस्थामा सबै नेपालीलाई एक ढिक्का बनाउनका लागि उम्मेदवारी दिएको यादवले बताए।

सत्तारुढ गठबन्धनमै रहेको नेपाल परिवार दलका दयाराम कँडेल पनि उमेद्ववारी दर्ता गराए पनि उसले एमाओवादी उम्मेद्वारलाई सहयोग गर्ने भन्दै फिर्ता लिएको छ। परिवार दलका अध्यक्ष एकनाथ ढकालका अनुसार सत्तारूढ दलको आग्रहमा आफूले उम्मेद्वारी फिर्ता लिएको बताए। नेपाली काँग्रेसबाट टिकट नपाएपछि स्वतन्त्र उम्मेदवारी दिएर कपिलवस्तुको निर्वाचन क्षेत्र नम्बर २ बाट निर्वाचन जितेका अतहर कमाल मुसलमानले पनि उपराष्ट्रपति पद्मा कांग्रेसलाई समर्थन गर्ने भन्दै उम्मेदवारी फिर्ता गरेका छन्। मुसलमानले अखण्ड नेपाल पार्टीका कुमार खड्कालाई प्रस्तावक र जनजागरण पार्टीका लोकमणि ढकाललाई समर्थक राखेर उम्मेदवारी दर्ता गराएका थिए। पुन र यादव दुबैले आफ्नो जीत सुनिश्चित रहेको दाबी समेत गरेका छन्। सांसद्हरुले शनिबार विहान ११ बजेदेखि २ बजेसम्म गोप्य मतदान गरेर उपराष्ट्रपति चयन गर्नेछन् ।

यता, एकीकृत नेकपा (माओवादी)ले उपराष्ट्रपतिका उम्मेदवार नन्दबहादुर पुनको पक्षमा मत मागेको छ । एमाओवादीका अध्यक्ष पुष्पकमल दाहाल, उपाध्यक्ष नारायणकाजी श्रेष्ठ, महासचिव कृष्णबहादुर महरा, सचिव एवम् उपप्रधानमन्त्री टोपबहादुर रायमाझी र उपराष्ट्रपति पदका उम्मेदवार पुनलगायत टोलीले विभिन्न राजनीतिक दलसँग मत मागेको हो । अध्यक्ष दाहाल नेतृत्वको टोलीले मधेसी जनाधिकार फोरम नेपाल (लोकतान्त्रिक) र नेपाल मजदुर किसान पार्टीसँग प्रत्यक्ष भेटघाट गरेर नै पुनका पक्षमा मत मागेको हो । यस्तै राष्ट्रिय प्रजातन्त्र पार्टी, नेकपा (माले), नेकपा (संयुक्त), राष्ट्रिय जनमोर्चा लगायत दलसँग पनि मत मागेको एमाओवादी उपाध्यक्ष नारायणकाजी श्रेष्ठले जानकारी दिए । उपराष्ट्रपति पुनको नेकपा (एमाले)का वरिष्ठ नेता झलनाथ खनाल प्रस्तावक र राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालका प्रमुख सचेतक दिलनाथ गिरी समर्थक रहेका छन् । एमाओवादीले गणतन्त्र प्राप्ति र संविधानसभाका लागि सशस्त्र सङ्घर्षमा महत्वपूर्ण योगदान गरेको व्यक्तित्वलाई उपराष्ट्रपतिमा उम्मेदवार बनाएकाले सहयोगका लागि आग्रह गरेको छ । गणतन्त्र, सङ्घीयता, धर्मनिरपेक्षतालगायत विषयमा महत्वपूर्ण योगदान गरेका व्यक्तिलाई उपराष्ट्रपतिमा विजयी गराएर प्राप्त उपलब्धिलाई संस्थागत गर्न पनि पुनको उम्मेदवारी आवश्यक रहेको एमाओवादीको भनाइ छ । नेकपा(माले)का महासचिव सिपी मैनालीले राष्ट्रपति, सभामुख, प्रधानमन्त्री, उपसभामुख चयन भइसकेका अवस्थामा तराई(मधेस क्षेत्रकै व्यक्तिलाई उम्मेदवार बनाएको भए राम्रो हुने थियो भन्ने पक्षमा आफूहरु रहेको बताए । उनले सरकार गठनका समयमा कायम भएको गठबन्धनलाई टिकाइराख्न पनि एमाओवादीका उम्मेदवार पुनलाई मत दिइने र विजयी गराइने उल्लेख गरे । मालेको शुक्रबार बसेको पोलिटब्युरोको बैठकले फरक मतसहित एमाओवादी उम्मेदवारलाई मत दिने निर्णय गरेको छ । राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले पहाडी र मधेसी भनेर चर्को नारा लागिरहेका अवस्थामा त्यसलाई सम्बोधन गर्न पनि खास गरी थारु समुदायबाट उपराष्ट्र पति बनाउनुपर्ने आफ्नो भनाइ रहेको बताए । उम्मेदवारी दर्ता भइसकेका अवस्थामा आफ्नो पार्टीले एमाओवादीका उम्मेदवारलाई मत दिने तर फरक मत भने राख्ने अध्यक्ष केसीको भनाइ छ ।

एमाओवादीले संसद्मा रहेका समाजवादी जनता पार्टी, नेपाली जनता दल, नेपाः राष्ट्रिय पार्टी, खम्बुवान राष्ट्रिय मोर्चा नेपाल, मधेस समता पार्टी नेपाल, दलित जनजाति पार्टी नेपाल, बहुजनशक्ति पार्टी नेपाललगायत दलसँग पनि आफ्ना उम्मेदवारलाई मतदान गर्न आग्रह गरेको छ । उपराष्ट्रपतिको निर्वाचन शनिबार बिहान १० बजेदेखि अपराह्न १३ बजेसम्म व्यवस्थापिका-संसद् सचिवालय, निर्वाचन अधिकृतको कार्यालय नयाँ बानेश्वरमा हुने सहायक प्रवक्ता सुदर्शन कुइँकेलले जानकारी दिए । राष्ट्रपतिको निर्वाचनमा देखिएको केही प्राविधिक समस्यालाई ध्यानमा राख्दै मतदानमा सहज होस् भनेर केही बुथ थप गरिएको उनको भनाइ छ ।

ट्याक्सीलाई उपेक्षा गरेको गुनासो

✍गोल्डेन न्यूज संवाददाता
पोखरा १३ कार्तिक ।

पोखरामा सञ्चालित ट्याक्सीका चालक तथा व्यवसायीहरुले प्रशासनले इन्धनको कुपन नदिएर ट्याक्सीलाई उपेक्षा गरेको गुनासो गरेका छन् । पोखरा सहरमा चल्ने ३ हजार वढी ट्याक्सीका चालक तथा व्यवसायीहरुले यस्तो गुनासो गरेका हुन् । सीमित मात्रामा भित्रिएको इन्धन मध्येवाट प्रशासनले अन्य क्षेत्रका सवारी साधनलाई प्राथमिकतामा राखेर कुपन वितरण गरेको भएपनि ट्याक्सीलाई उपेक्षा गर्दै आएको उनीहरुको भनाई छ । आयातित इन्धनको समुचित व्यवस्थापन गर्न कास्कीका प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा इन्धन आपूर्ति व्यवस्थापन समिति गठन भएपनि त्यसले आफूहरुलाई विभेद गरेको उनीहरुको भनाई छ । 'हामीले पनि यात्रु नै ओसार्ने हो तर हामीलाई न त कुपन छ नत कुनै पेट्रोल पम्प नै तोकिएको छ'- ट्याक्सी चालक कृष्ण सुवेदीले भने । यात्रु कै भलाईको लागि सञ्चालन गरिएको ट्याक्सी व्यवसायमाथि प्रशासनले उपेक्षा गर्दा अन्यायमा परेको ट्याक्सी व्यवसाय समिति पोखराका अध्यक्ष गान्धीराज गिरीले वताए । उनले प्रशासनले कुपन उपलब्ध गराउन नसके ट्याक्सीको लागि तेल भर्ने छुट्टै पेट्रोल पम्प तोकिदिनु पर्ने वताए । उनले प्रशासनले ट्याक्सीको लागि छुट्टै कुपनको व्यवस्था गरेमा पनि त्यसको वितरण र व्यवस्थापन समिति स्वयंले गर्न सक्षम रहेको दावी गरे । जिल्ला इन्धन आपूर्ति तथा व्यवस्थापन समितिले भने सार्वजनिक ठूला सवारी साधनलाई इन्धनमा प्राथमिकता दिनु पर्ने वाध्यता भएको बताएको छ । धेरै यात्रु सवार हुने साधनले इन्धन पाएमा आम नागरिकको आवागमनमा सहजता हुने कास्कीका प्रमुख जिल्ला अधिकारी कृष्णवहादुर राउतले बताए ।

यसैवीच जिल्ला प्रशासन कार्यालय कास्कीमा विहीवार साँझ वसेको आपूर्ति व्यवस्थापन समितिको वैठकले शुक्रवार कास्कीमा ठूलो परिमाणमा इन्धन वितरण गर्ने निर्णय गरेको छ । समितिले भारतवाट गोगन गौंडा डिपोमा आएको ७५ हजार लिटर इन्धन वितरण गर्ने निर्णय गरेको थियो । सोही अनुरुप शुक्रबार लेखनाथको वेलकम आयल स्टोर्स र पोखराका विभिन्न पाँचवटा पम्पवाट पेट्रोल वितरण गर्ने भएको छ । पोखराको वुद्धचोक स्थित ऋषि एण्ड व्रदर्श, विरौटाको जगदम्वा आयल स्टोर्स, मालेपाटनको कालिका फ्यूल स्टेशन, रानीपौवाको रानीपौवा आयल स्टोर्स र सागर आयल स्टोर्सवाट पेट्रोल वितरण गरिएको थियो ।

यस्तै लेखनाथको शुभ जगदम्वा आयल स्टोर्स, इन्द्रज्योति आयल स्टोर्सवाट डीजेल वितरण गरिएको थियो । यता पोखराका डिआर, मनोकामना, पञ्चरत्न, कालिका, हिमाल, वराल, विश्वास, र लान्दुक आयल स्टोर्सवाट पनि डिजेल वितरण गरिएको पत्रकार कमल पौडेल अथकले छुस्के अनलाइनमा लेखेका छन् । प्रशासनले इन्धन वाँड्ने तयारी थालेपछि संवन्धित पेट्रोल पम्पहरुमा रातिदेखि नै इन्धन थाप्ने सवारी साधनहरुको भीड लागेको थियो ।

'जनता र मुलुकको अग्रगतिका लागि काम गर्छु'

✍गोल्डेन न्यूज संवाददाता
काठमाडौं १३ कार्तिक ।

राष्ट्रपति विद्या भण्डारीले आफूले संविधानको परिधिभित्र रही जनता र मुलुकको अग्रगतिका लागि काम गर्ने बताएकी छन्। राष्ट्रपति भण्डारीले आफ्ना दिवंगत पति मदनकुमार भण्डारीप्रति श्रद्धाञ्जली अर्पण गर्न शुक्रबार विहान एमालेको पुरानो मुख्यालय बल्खु पुगी राष्ट्रपति पद्को गरिमालाई आँच आउन नदिने काम गर्ने बताएकी हुन्। उनले २२ वर्ष पहिले दिवंगत भएका पतिको सालिकमा माल्यार्पणपछि संचारकर्मीलाई संक्षिप्त प्रतिक्रिया दिंदै आफूले संविधानको परिधि ननाघ्ने स्पष्ट पारिन्।राष्ट्रपति भण्डारीले पतिको सालिकमा मार्ल्यापण गर्नुपहिले लैनचौरस्थित सहिद स्तम्भ पुगेर सहिद्हरुपति श्रद्धाञ्जली अर्पण गरेकी थिइन्। राष्ट्रपति भण्डारीले बिहिवार सपथग्रहण गरी पद्भार सम्हालेकी थिइन्। यता, नर्वेले विद्यादेवी भण्डारी नेपालको पहिलो महिला राष्ट्रपति पदमा निर्वाचित भएकोमा बधाई ज्ञापन गरेको छ । संविधानको घोषणा र नयाँ सरकार गठनलगत्तै भएको राष्ट्रपतिको निर्वाचन मुलुकको लोकतान्त्रिक विकास, शान्ति र समृद्धिप्रतिको नेपालको प्रतिबद्धताको प्रकट रुप भएको यहाँस्थित नर्वेली राजदूतावासद्वारा जारी प्रेस वक्तव्यमा उल्लेख गरिएको छ। आगामी दिन नेपालको समाजिक-आर्थिक विकास र पुनःनिर्माणको प्रयासलाई मूर्तरुप दिने अभियानमा संविधानको शान्तिपूर्ण र समावेशी कार्यान्वयन सुनिश्चित गर्न नर्वेले प्रोत्साहन गर्ने पनि विज्ञप्तिमा भनिएको छ।

यसैबीच पार्टी निर्णय विपरित राष्ट्रपतिको निर्वाचनमा एमाले उम्मेदवार विद्यादेवी भण्डारीलाई मतदान गरेको आरोपमा सदभावना पार्टीले सांसद माधवीरानी साहलाई साधारण सदस्यबाट समेत निलम्बन गरेको छ। नयाँ संविधानमा असहमति जनाउँदै तराई मधेसमा आन्दोलनरत सदभावना पार्टीले शुक्रबार जारी गरेको प्रेस विज्ञप्ति अनुसार, नेपालको संविधान २०४७ को धारा २६ को उपधारा ३ बमोजिम पार्टी अध्यक्ष राजेन्द्र महतोको निर्देशन अनुसार सांसद साहलाई पार्टीको साधारण सदस्यता समेतबाट निलम्बन गरेको छ। विज्ञप्ति अनुसार, मधेसी मोर्चाको सहमति र पार्टी संसदीय दलको निर्देशन विपरित साहले कात्तिक ११ गते सम्पन्न राष्ट्रपति पदको निर्वाचनमा संसदमा उपस्थित भई मतदान गरेकाले उनलाई निलम्बित गरिएको हो। असोज २४ गते सम्पन्न प्रधानमन्त्री पदको निर्वाचनमा उपस्थित भएर कांग्रेसका उम्मेदवार सुशील कोइरालाको पक्षमा मतदान गरेको आन्दोलनरत मधेसी मोर्चाले राष्ट्रपतिको निर्वाचनमा सहभागी नहुने निर्णय गरेको थियो। तर सत्तारुढ गठबन्धनको तर्फबाट तत्कालिन एमाले उपाध्यक्ष विद्यादेवी भण्डारीलाई उम्मेदवार बनाएपछि सांसद साहले महिलाको पक्षमा मतदान गर्न आफू उपस्थित भएको भन्ने प्रतिक्रिया दिएकी थिइन।

पोखरामा आधा केजी तौलको शिशुको जन्म

पोखरा १३ कार्तिक ।

भदौ १० गते पोखरामा आधा केजी तौलको शिशुको जन्म भएको छ । पोखराको महेन्द्रपुलस्थित ओम अस्पतालमा २५ हप्ता चार दिनको गर्भबाट जन्मेको शिशुको तौल आधा केजी (५०० ग्राम) मात्र थियो । पर्वत तिलाहार गाविस-७ घर भई हाल पोखरा-१४ मा बस्दै आएकी गीता लामिछानेको गर्भबाट त्यस्तो शिशु जन्मिएको हो । परिवारले भने शिशु बाँच्ने आश नै मारिसकेका बुबा रमेश लामिछानेले बताए । शिशु बाँचेपछि अभिभावक मात्रै खुसी छैनन्, उनको उपचारमा खटिएका चिकित्सक तथा स्वास्थ्यकर्मीमा पनि खुसी छन् । पश्चिमाञ्चल क्षेत्रीय अस्पतालको शिशु सघन उपचार केन्द्रमा ६२ दिनसम्मको निरन्तर उपचार र प्रयासपछि अहिले शिशु तङ्ग्रिँदै गएकी छन् ।

शिशुको तौल बढेर एक किलो ६०० ग्राम पुगेको छ भने शिशुले आमाको दूध आफैँ चुस्न सक्ने भएकी छिन् । शिशुले दूध चुस्न सकेका कारण अब शिशु घरमा पनि बाँच्न सक्ने भन्दै अस्पतालले आइतबार डिस्चार्ज गर्ने तयारी गरेको छ ।अभिभावकले घरमा नै लगेर छोरीको न्वारन गर्ने बताए । धेरैले अभिभावकलाई शिशुको नाम खुसी राख्न सुझावसमेत दिने गरेका छन् । अस्पतालले शिशुको उपचार निःशुल्क गरिदिएको छ । यो विरलै घटना हो, कम तौलका बच्चा जन्मन सक्छन् तर बाँच्न र बचाउन सकिँदैन । बाल रोग विशेषज्ञ एवम् पश्चिमाञ्चल क्षेत्रीय अस्पतालका बालरोग विभाग प्रमुख डा रामचन्द्र बाँस्तोलाले भने,-"यति सानो शिशु बचाउन सकिएको यो पहिलो घटना हुन सक्छ, सम्भवतः नेपालको नै पहिलो सफलता हुन सक्छ ।"

उनले यसलाई बाल स्वास्थ्यको क्षेत्रमा नयाँ आयाम नै भएको दाबी गर्दै पोखराको समेत गौरव भएको बताए । यसअघि कान्ति बाल अस्पतालमा जन्मेको ७५० ग्रामको बच्चालाई बचाउन सकिएको भन्ने सुनेको उनले बताए ।

उनका अनुसार अमेरिकामा २२ हप्तासम्मको बच्चालाई बचाउन सकिने भए पनि नेपालमा प्रायः असम्भव जस्तै छ । बाल रोग विशेषज्ञ डा बास्तोलाले अभिभावकले चिकित्सक प्रति गरेको विश्वास, आफूहरूको लगनशीलता र शिशु स्वयम्को भाग्यका कारण पनि सफलता मिलेको उल्लेख गरे । अस्पतालमा रहेका साधन रेडियन्ट बारमर र इन्क्युवेटर पनि सफलताका लागि सहयोगी बने । ३७ देखि ४२ हप्ताको गर्भबाट जन्मने साढे दुईदेखि चार केजी तौलसम्मको बच्चालाई सामान्य मानिन्छ । शिशु जन्मेपछि उनलाई तत्काल पश्चिमाञ्चल क्षेत्रीय अस्पतालको शिशु सघन उपचार केन्द्रमा लगेर उपचार थालिएको थियो ।

सुरुको सात दिन शिशुको तौल बढाउन तथा शारीरिक वृद्धिका लागि नसाबाट प्रोटिन र कार्बोहाइड्रेट दिइयो । त्यसपछि आन्द्रा सुक्न नदिनका लागि आमाको दूध तीन/तीन घन्टाको फरकमा दुई/दुई एमएल खुवाउन थालियो । यस्तो अवस्थाका शिशुको श्वासप्रश्वास जुनसुकै बेला पनि रोकिने सक्ने अवस्थालाई मध्यनजर गर्दै इन्जेक्सन एमिनुफाइलिङ र रोग नलाग्ने एन्टिबाइटिक दिइयो ।

त्यसपछि शारीरिक र मानसिक वृद्धिका लागि भिटामिन र मिनरल्स (क्याल्सियम, आइरन, भिटामिन बी कम्प्लेक्स, भिटामिन डी आदि) दिइयो । यति गर्दागर्दै पनि शिशुमा रगतको मात्रा घट्न गयो । जसका कारण शिशुलाई दुईपटकसम्म फ्रेस रगत चढाइयो । शिशुलाई यस अवस्थासम्म ल्याइपुर्‍याउन स(साना बालबालिका हुर्काउन प्रयोग गरिने सीप र केएमसी विधि पनि अपनाइयो । दुई हप्तापछि भने शिशुलाई मुखबाट पाइप लगाएर खुवाउन थालियो । पाइपबाट आमाको दूध, बच्चाको स्पेशल दूध, भिटामिन र मिनरल्स खुवाउँदै उनको उपचार र रेखदेख गरियो । यसैको परिणामस्वरूप शिशु आमाको दूध चुस्न सक्ने मात्रै भएकी छैन, स्वास्थ पनि भएकी छन् । महिलालाई मानसिक तथा शारीरिक तनाव, पौष्टिक आहारको कमी, आमा तथा शिशुको स्वास्थ्यमा समस्या हुँदा समयभन्दा पहिले नै कम तौलका शिशु जन्मने गरेको पाइन्छ । रासस

ग्यास अभावले होटल बन्द हुने अवस्थामा

पोखरा १३ कार्तिक ।

भारतले लगाएको नाकाबन्दी बाट ग्यासको आपूर्ति हुन नसकेपछि पोखराका साना ठूला होटल बन्द हुने अवस्थामा पुगेका छन् । यहाँ रहेका झन्डै ५०० भन्दा बढी पाँच तारेदेखि साना होटल तथा रेस्टुराँमा एक महिनादेखि ग्यास अभाव भएर पर्यटकलाई चाहेको खानेकुरा पकाएर खान दिन नसकिएको पश्चिमाञ्चल होटल सङ्घका संस्थापक अध्यक्ष गोविन्द पहारीले बताए । पोखरामा इन्धनको कालोबजारी बढेको छ । यहाँ रु ५०० मा प्रतिलिटर पेट्रोल बिक्री भइरहेको छ । प्रति सिलिण्डर ग्यासलाई रु सात हजारसम्म तिरेर किन्नु परेको छ । पोखरा विमानस्थलदेखि लेकसाइडसम्म ट्याक्सी चढ्दा रु ८०० सम्म तिर्नु पर्दा विदेशी पर्यटकमा नकारात्मक सन्देश गएको पहारीले बताए । "इन्धनको आपूर्ति नभए केही दिनमा पोखराका सबै होटल बन्द गर्नु स्थिति आउँछ" उनले भने । पोखरा नगर रेष्टुरेन्ट तथा वार एसोसिएसनका अध्यक्ष केपी शर्माले आफूले सञ्चालन गरेको दीपसागर होटल ग्यास सकिएपछि दाउराको प्रयोग गरेर चलाएको बताए । ग्यास सञ्चित गरेर राख्न नपाएकाले एक महिना अघिदेखि नै आफूले दाउरा प्रयोग गर्दै आएको र अहिले दाउरा महँगो भएपछि झन समस्या भएको उनले बताए । ग्यास अभावले सर्वसाधारणको जनजीवन कष्टकर बन्दै गएको छ । आफ्नो घर हुनेले त दाउराको प्रयोग गरेर खाना पकाएका छन् तर भाडामा बस्ने भने चिउरा, चाउचाउ खाएर दिन बिताउनु परेको छ । रासस

केसी पक्राउ

काठमाडौं १३ कार्तिक ।

क्यापिटल मर्चेन्ट बैंकिङ एन्ड फाइनान्स डुबाउने कार्यमा संलग्नमध्येका एक फरार प्रतिवादी काभ्रे, बनेपा नगरपालिका बस्ने अभिलेख डेभलपर्स प्रालिका सञ्चालक पूर्णबहादुर केसीलाई प्रहरीले पक्राउ गरेको छ ।

केन्द्रीय अनुसन्धान ब्युरोको टोलीले केसीलाई शुक्रबार महाराजगञ्ज, काठमाडौंबाट पक्राउ गरी फैसला कार्यान्वयनका लागि काठमाडौं जिल्ला अदालतमा पेस गरेकामा अदालतको आदेशले कैद भुक्तानका लागि कारागार, जगन्नाथदेवल पठाइएको ब्युरोले जनाएको छ । नेपाल राष्ट्रबैंकको पत्र जाहेरीले बादी नेपाल सरकार प्रतिवादी केसीसमेत भएको बैंकिङ कसुर मुद्दामा पुनरावेदन अदालत पाटनको २०७१ वैशाख २९ को फैसलाले तीन वर्ष कैद र रु दुई करोड २५ लाख बिगो जरिवाना गरेपछि उनी हालसम्म फरार रहेका थिए । उनले अभिलेख डेभलपर्स प्रालि नामको फर्म खडा गरी क्यापिटल मर्चेन्ट बैंकिङ एन्ड फाइनान्स कम्पनी लिमिटेडबाट रु दुई करोड २५ लाख कर्जा लिई उक्त कर्जा दुरुपयोग गरी फाइनान्स कम्पनीलाई हानी नोक्सानी पुर्‍याएको देखिएको हुँदा केसीलाई बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ बमोजिम उल्लेखित सजाय हुनुका साथै हानी नोक्सानी भएको बिगो रकम रु दुई करोड २५ लाख क्यापिटल मर्चेन्ट बैंकिङ एन्ड फाइनान्स कम्पनी लिमिटेडलाई प्रतिवादीको तर्फबाट भराई दिने फैसला गरेको थियो ।

शहीद गंगालाल हृदयरोग केन्द्र बाँसबारी
काठमाडौंका वरिष्ठ मुटुरोग विशेषज्ञ पोखरामा

के तपाई लामो समयदेखि सुगर प्रेसरकै समस्याबाट पीडित हुनुहुन्छ ? कतै तपाईलाई मुटुको समस्या त भएको छैन ? मुटुरोग लागे औषधि नियमित खाइराख्नु भएको भए औषधिको मात्रा त मिलेको छ वा छैन ढुक्क रहन र प्रेसरको औषधि खाएर पनि प्रेसर कन्ट्रोल भएको छैन र जुन मुटु प्रेसर र सुगर रोग लाग्यो त्यही रोगसम्वन्धी विशेषज्ञलाई उपचार गराई ढुक्क रहन वरिष्ठ विशेषज्ञ डा. श्यामराज रेग्मी पोखरा आउँदै हुनुहुन्छ । स्वास्थ्य लाभ लिनुहोला ।

बिरामी जाँच : २०७२ कार्तिक १४ गते शनिबार
समय : विहान ९ बजेदेखि ३ बजेसम्म

सम्पर्क :
परिचित मेडिकल हल
पालिखेचोक, पोखरा, फोन : ९८४६०४१४९४

ववित टेलरिङ एण्ड सर्टिङ-सुटिङ

विगत १८ वर्षदेखि म्याग्दी जिल्लाको बेनीबजारमा संचालित बबिन टेलरिङ एण्ड सर्टिङ-सुटिङको शाखा पोखराको न्यूरोडस्थित भाटभटेनी सुपर मार्केटको आडमा पनि । विभिन्न ब्राण्ड र आकर्षक डिजाइनमा सुपथ मूल्यमा सर्टिङ-सुटिङका लागि एकपटक पुग्नैपर्ने ठाउँ ।

हाम्रो बाबाले सधैं बबिन टेलरिङमा सिलाउनुहुन्छ...

BABIN TAILORING & Shirting Suiting
HeadOffice: Hulak Chowk, Myagdi, Beni, Tel.: 069-520760
Branch: Newroad, Pokhara, Tel.: 061-527420
Email: babiinbagdash@yahoo.com,
Web: www.babintailors.com

शनिबारीय स्वास्थ्य चर्चा

मोही र दहीबाट पाइने फाइदाहरू

डा. अरूणा उप्रेती

मोहीको महत्वको विषयमा योग रत्नाकर नामक ग्रन्थमा लेखिएको एउटा श्लोकको आशय यस्तो छ, 'यदि कैलाशमा मोही (छाछ, वा मट्ठा) हुँदो हो त शिवजीको कण्ठ विष रोक्नुको कारणले नीलो हुँदैनथ्यो । वैकुण्ठमा मोही हुँदो हो त विष्णुको शरीर कालो हुँदैनथ्यो होला। देवराज इन्द्र सौन्दर्यविहीन हुँदैनथे होलान्। गणेशजीको पेट त्यति ठूलो हुँ दैनथ्यो होला ।'

यस श्लोकमा व्यक्त विचारबाट के अर्थ लाग्छ भने शरीरमा हुने विभिन्न विषालु तत्वलाई निकालेर मानिसलाई स्वस्थ बनाउन मोहीले ठूलो भूमिका खेल्छ । कुनै व्यक्ति स्वस्थ छ भने उसको सौन्दर्य त्यसै नै बढ्छ । यसैगरी आयुर्वेदको अर्को एउटा ग्रन्थमा लेखिएको छ, 'मोहीको नियमित सेवन गर्ने व्यक्ति रोगी हुँदैन । जसरी स्वर्गमा देवताहरूका लागि अमृत छ, त्यसैगरी मनुष्यका लागि मोहीको प्रयोग सुखदायी हुन्छ ।' दही र मोहीलाई पहाड तथा तराईका गाउँघरमा हिजो पनि भोजनको प्रमुख वस्तु मानिन्थ्यो भने आज पनि त्यति नै महत्व छ । पाहुनाहरूलाई सत्कार गर्दा दही ख्वाउने चलन अझै पनि छँदैछ । दही–मोही स्वादको हिसाबले मात्र नभएर स्वस्थ रहन र विभिन्न किसिमका समस्याहरूलाई समाधान गर्न उपयोगी मानिन्छन् । दहीमा पानी हालेर मलेर नौनी निकालेपछि मोही बन्छ । तराईतिर मोहीलाई 'छाछ' भनिन्छ । कतिपय ठाउँमा यसलाई 'गोरस' पनि भन्छन् । आर्युवेदिक विज्ञानका साथै आधुनिक विज्ञानमा पनि दहीको महत्त्वको बारेमा स्पष्ट व्याख्या गरिएको छ । दूधबाट दही बन्दा एक विशेष प्रकारका कीटाणु पैदा हुन्छन्, जसले हाम्रो स्वास्थ्यका लागि निकै महत्व राख्छन् । बच्चाबच्ची, गर्भवती महिला र वृद्धवृद्धाहरूको हाडको लागि नभई नहुने क्याल्सियम दहीमा पाइन्छ । क्याल्सियमको महत्व हाडको लागि अति नै हुन्छ । उमेर बढ्दै जाँदा हाडको घनत्व कम हुँदै जान्छ र अस्टियोपोरोसिस नामक रोग लाग्ने सम्भावना हुन्छ। विशेषगरी महीनावारी बन्द भएका महिलाहरूमा यो समस्या बढी हुन्छ। यस समस्याबाट बचनका लागि क्याल्सियमको अति नै महत्व छ । क्याल्सियमयुक्त भोजनको प्रयोग यस रोगबाट बच्ने एउटा राम्रो उपाय हो । दही र मोहीमा हुने क्याल्सियमले कुपोषित बच्चा तथा बिरामी भएर तङ्गिन सुरू गरेका बालबालिका सबैका लागि विशेष महत्व राख्छ ।

किनभने दही दूधभन्दा धेरै सजिलोसँग पच्छ । दूध खान मन नलाग्ने वा कतिपय अवस्थामा दूध नपच्ने वयस्क व्यक्ति र बच्चाहरूका लागि पनि दही एउटा उत्तम भोजन हो । दूधबाट दही बन्दा विशेष प्रकारका लाभदायक कीटाणुहरू उत्पन्न हुन्छन् । ती कीटाणुहरूले पेटमा रहेका हानिकारक कीटाणुहरू लाई नष्ट गर्न मद्दत गर्छन् । कतिपय व्यक्तिहरूलाई एण्टिबायोटिकको प्रयोग गर्दा दिसा–पखाला लाग्नेगर्छ ।

यसबाट बच्न दहीको प्रयोग अत्यन्त लाभदायक हुन्छ । दही पखाला रोक्नुका साथै कब्जियत खुलाउन पनि उपयोगी सिद्ध भएको छ । अनुसन्धानहरूले के पनि देखाएका छन् भने दहीमा रहेका लाभदायक कीटाणुहरूले क्यान्सर उत्पन्न गर्ने कीटाणुको सक्रियता घटाउँछन् र यसले आन्द्रामा हुने क्यान्सरलाई कम गर्न पनि मद्दत गर्छ । मध्यएशियाली देशहरू कजाकिस्तान, उज्बेकिस्तान तथा युरोपेली देश बुल्गेरियाका बासिन्दाहरू दैनिक भोजनमा दही बढी प्रयोग गर्ने भएकाले स्वस्थ हुन्छन् भनेर अध्ययनहरूले देखाएका छन् । कब्जियतको समस्याबाट बच्न बाल, वृद्ध सबैले मोही र दहीको प्रयोग गरेमा यो स्वतः समाधान हुन्छ । दही र केरा मिसाएर खाएमा कुपोषित व्यक्ति, गर्भवती महिला, दूध ख्वाउने महिला र लामो बिरामीबाट भर्खर उठेका व्यक्ति सबैलाई अत्यन्त फाइदा हुन्छ । नेवार समुदायमा भोज खाने बेलामा सम्पूर्ण भोजन सिद्धिइसकेपछि अन्त्यमा दही र मूला दिने चलन छ । यस परम्परालाई निकै वैज्ञानिक मान्नुपर्ने हुन्छ । दहीलाई एउटा सम्पूर्ण भोजन पनि मानिन्छ । यसले शरीरलाई पुष्ट राख्छ र विभिन्न समस्याको समाधान पनि गर्छ । भारतका कतिपय ठाउँहरूमा छाला राम्रो बनाउन दही, बेसन र बेसार मिसाएर लगाउने चलन छ । यसले छालालाई नरम र चिल्लो बनाउँछ भन्ने उनीहरूको मान्यता छ ।

घरेलु औषधिको रूपमा दहीलाई कपालको चाया हटाउनका लागि पनि प्रयोग गरिन्छ । दही र कागतीको मिश्रण बनाएर दुई घण्टापछि कपालमा लगाउनाले चायाको प्रकोप कम हुनुका साथै कपाल चम्किलो पनि हुन्छ भन्ने कुराको अनुभव धेरैले बटुलेका छन् ।

(डा. उप्रेतीको पुस्तक आफ्नो स्वास्थ्य आफ्नै हातबाट)

रुघाखोकीबाट बच्ने उपाय

सामान्य रुघाखोकी, ज्वरोको समस्या देखिने बित्तिकै औषधि पसलेको सल्लाहमा कडा एन्टिबायोटिक औषधि सेवन गरेर बिमार दबाउने चलनले आम नेपालीको रोग प्रतिरोधात्मक क्षमतामा नकारात्मक असर पारिरहेको वरिष्ठ आयुर्वेद चिकित्सक डा. रामदेव यादव बताउँछन् । 'कुनै जटिल लक्षण नदेखिएसम्म भाइरल ज्वरोलाई आयुर्वेदको घरेलु उपचार पद्धति नै पर्याप्त हुन्छ,'उनी भन्छन् । रुघाखोकीमा ज्वानोको बाफ लिने, घाँटी दुखेको छ भने कुल्ला पनि गर्नुपर्ने डा. कोइरालाको सुझाव छ । 'धेरै खोकी लागिरहेको छ भने पानको पातको जुसलाई महमा मिलाएर बिरामीलाई दिँदा सन्चो हुन्छ,' डा. कोइराला भन्छन्, 'अदुवाको रस पनि मिसाएर दिन सकिन्छ ।'

यस्तै बिरामीलाई थोरै मरिचको पाउडर अदुवा आदिमा मिसाएर दिंदा हुन्छ । डा. कोइरालाका अनुसार कहिलेकाहीं बिरामीलाई धेरै टन्सिल बढ्यो भने बेसार, चियापत्ती, ज्वानो, नुनले कुल्ला गर्दा समेत सन्चो हुन्छ । सामान्य भाइरल रुघाखोकीको समस्यामा सितोपलादि, चालिसादि, सत्यादि, पुष्करमुलाती, रक्त लबंगादी चुर्णहरू, गाउँघरतिर भए रुदिलो पनि धेरै राम्रो मानिन्छ, यस्तै तुलसीलाई पनि घोटेर खान दियो भने यसले रुघाखोकी निको पार्नमा धेरै फाइदा पुर्‍याउने डा. कोइराला बताउँछन् । उनका अनुसार यो एन्टिभाइरल औषधि जस्तै हो । घाँटीको खसखसलाइ हटाउन अदुवाको टुक्रालाई पोलेर नुनसँग मिसाई खान सकिने डा. यादव बताउँछन् । दूधमा बेसार मिलाएर खान दिंदा समेत यो समस्यामा राहत मिल्छ । 'तुलसी पात, असरोको पातलाई पानीमा उमालेर पिउँदा समेत फाइदा पुग्छ,' डा. यादव भन्छन्, 'कागतीलाई दुई टुक्रा पारेर यसको माथि नुन, बेसार र दुई दाना मरिचलाई राम्रोसँग पिँधेर त्यसमा कागतीलाई अलि तताएर मिलाई रोगीलाई चाट्न दिनोस् । रुघाखोकी जस्ता भाइरलको समस्यालाई ठीक गर्छ ।'

यस्तै, सुल्फी (सुकाएको अदुवा), पिप्ली र मरिचलाई बरोबरी मात्रामा पिँधेर धुलो बनाएर महसँग खानाले पनि राहत मिल्ने यादवले बताए । उनका अनुसार आयुर्वेदविज्ञको सल्लाहमा ज्वरो एक सय डिग्रीभन्दा माथि गएमा त्रिशूल ट्यावलेट दुई–दुई गोली दुई पटक, सँगै त्रिभुवन कीर्तिरश दुई(दुई गोली दुईपटक खान सकिने बताउँछन् । यसको साइड इफेक्ट भने नहुने उनी बताउँछन् । यस्तै ज्वरो कम गर्नका लागि सिटामोलको समेत प्रयोग गर्न सकिन्छ । सामान्य रुघाखोकीमा समेत यदि कुनै असमान्य लक्षण देखिए तुरुन्तै आयुर्वेदिक वा एलोपेथिक चिकित्सकको सल्लाह लिनुपर्ने उल्लेख गर्दै डा. कोइराला भन्छन्, 'सामान्य अवस्थामै यदि १०२ डिग्रीभन्दा बढी ज्वरो आयो भने चिकित्सकको परामर्शमा शारीरिक तौल अनुसारको मात्रामा सिटामोल चक्की खान सकिन्छ ।'यदि छातीमा घ्यारघ्यार भएमा, १०२ डिग्रीभन्दा माथि ज्वरो निरन्तर रूपमा रहिरहेमा, छाती दुखेमा, पहेंलो वा हरियो कफ आएमा, सास फेर्नमा लगायत समस्या देखिए आयुर्वेद वा एलोपेथिक चिकित्सकसँग तुरन्त उपचार गराउनुपर्छ,' डा. यादव भन्छन्, 'यो समस्या सामान्यतः पाँच–सात दिनमा निको हुने गर्छ ।'

सामुदायिकद्वारा पोखरेलाई स्वागत

गोल्डेन न्यूज संवाददाता
पोखरा १३ कार्तिक ।

सामुदायिक सेवा सामुदायिक प्रहरी सेवा जिल्ला समन्वय समिति कास्कीले पोखरामा हालै सरुवा भई आएका अञ्चल प्रहरी कार्यालय गण्डकीका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक महेन्द्र पोखेललाई स्वागत गरेको छ। सोहि अवसरमा वडा प्रहरी कार्यालय रामवजार, वगर र लागू औषध नियन्त्रण व्यूरो पोखरामा सरुवा भई आएका प्रमुखलाई पनि स्वागत गरिएको थियो । वडा प्रहरी कार्यालय रामवजारमा प्रहरी निरिक्षक वेदप्रकाश जोशी, वगरमा प्रहरी निरिक्षक मोहन बहादुर खाँण र लागू औषध नियन्त्रण व्यूरो पोखरामा रविन्द्रमान गुरुङ प्रमुखको रुपमा आएका छन्। कार्यक्रममा नजिकिदै गरेको शुभ दीपावली, छठ पर्व र नेपाल सम्वतको अवसरमा शुभकामना आदानप्रदान गरिएको थियो। सो अवसरमा बोल्दै अञ्चल प्रहरी कार्यालय गण्डकीका प्रमुख वरिष्ठ प्रहरी उपरिक्षक महेन्द्र पोखेलले जनता विना प्रहरीले सफलता प्राप्त गर्न नसक्ने हुदा सहकार्य गरि अघि बढ्ने प्रतिवद्धता व्यक्त गरे। पोखेल प्रहरी प्रधान कार्यालयबाट सरुवा भई आएका हुन्। वरिष्ठ मानवअधिकारकर्मी टेकनाथ बरालले भारतको अघोषित नाकाबन्दीले हरेक क्षेत्रमा असर परेको बताउदै सबै नेपालीहरुले संयमता अपनाउनुपर्नेमा जोड दिए। सामुदायीक सेवा सामुदायिक प्रहरी सेवा जिल्ला समन्वय समितिका सल्लाहकार डा. दिलबहादुर क्षेत्रीले प्रहरी र जनता मिलेर अपराधिक घट्ना न्यूनिकरण गर्नुपर्नेमा जोड दिए। समितिका पूर्व अध्यक्ष एवम् सल्लाहकार सीता गुरुङले समुदायमा हुने विकृति विरुद्ध समुदायकै जनताहरु सचेत हुनुपर्ने उल्लेख गरे। नागरिक समाज कास्कीका संयोजक रामबहादुर पौडेलले चाडपर्वमा विभिन्न विकृति विसंगति बढ्ने बताउदै नागरिकको सुरक्षामा निष्पक्ष भएर कार्य गर्नुपर्नेमा जोड दिए। सामुदायीक सेवा सामुदायीक प्रहरी सेवा जिल्ला समन्वय समिति कास्कीका अध्यक्ष विष्णु बहादुर भट्टराईको अध्यक्षतामा भएको कार्यक्रममा शान्तिदर्शन टोल विकास संस्थाका अध्यक्ष उत्तम जोशी, वडा नं ९ महिला समन्वय समितिका अध्यक्ष डिल माया गुरुङ लगायतले लागुपदार्थ दुव्यर्सनी नियन्त्रणका लागि सबैको सहयोग आवश्यक पर्नेमा जोड दिएका थिए। सामुदायीक सेवा सामुदायीक प्रहरी सेवा पृथ्वीचोकका अध्यक्ष गजेन्द्रमान श्रेष्ठले स्वागत गर्नुभएको कार्यक्रममा शान्तीघाट आमा समुह, शान्तीवन आमा समुहका अध्यक्ष एवं कार्यसमिति सदस्यहरु, शान्तिवन बाटिका टोल विकास संस्थाका अध्यक्ष बलराम पहारी, नेपाल अपांग समाज सेवा संघ केन्द्रिय कार्यालय पोखराका अध्यक्ष बुद्धि बाग्दासको उपस्थिति रहेको कार्यक्रमको सञ्चालन महासचिव चक्रपाणि सुबेदीले गरेका थिए।

हस्तकला संघका पदाधिकारी पोखरामा

गोल्डेन न्यूज संवाददाता
पोखरा १३ कार्तिक ।

कास्की पोखरा हस्तकला संघले नेपाल हस्तकला महासंघका कार्यवाहक अध्यक्ष धर्मराज शाक्यसहितको टोलीलाई पोखरामा स्वागत गरेको छ। शुक्रवार आयोजित अन्तरक्रिया कार्यक्रममा शाक्यको नेतृत्वमा आएको २३ सदस्यीय टोलीलाई स्वागत गरिएको हो। भ्रमणमा विभिन्न जिल्लाका वस्तुगत संघका प्रतिनिधिहरुको सहभागिता रहेको छ। कास्की पोखरा हस्तकला संघका अध्यक्ष हिरा भट्टराईको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल हस्तकला महासंघका पूर्व अध्यक्ष पञ्चरत्न शाक्य लगायतले नेपाली हस्तकलाको महत्ववारे बोलेका थिए। कार्यक्रमको सञ्चालन महासचिव सीता गुरुङले गरेका थिए। संघले शनिवार विहान ९ बजे पर्यटन वोडमा स्थानीय आर्थिक विकासमा हस्तकला उद्योगको भूमिका विषयक कार्यशाला गोष्ठिको आयोजना गरेको महासचिव सीता गुरुङले जानकारी दिइन। कार्याशालमा धातु तथा स्थानीय कच्चा पदार्थद्वारा निर्मित हस्तकलाको प्रदर्शनी पनि गरिने संघले जनाएको छ।

पश्चिमाञ्चलकै लोकप्रिय पत्रिका 'गोल्डेन न्यूज राष्ट्रिय दैनिक' खोजी–खोजी पढ्ने गरौं ।

सर्वोच्चको आदेश

काठमाडौं १३ कार्तिक ।

सर्वोच्च अदालतले नेपाल–भारत सीमाका मुख्य नाकामा जारी 'अघोषित नाकाबन्दी' खोल्न अवलम्बन गरिएका उपायको विवरण पेस गर्न सरकारलाई आदेश दिएको छ। प्रधानन्यायाधीश कल्याण श्रेष्ठको एकल इजलासले नाकामा इन्धनलगायत दैनिक उपभोग्य वस्तुको आपूर्तिमा भएको अवरोध हटाउन गरिएका उपायबारे लिखित जवाफ सहित १० दिनभित्र उपस्थित हुन आदेश दिएको हो। नाकाबन्दी खुलाउन ठोस पहल नहुँदा जनजीवन कष्टकर बनेको भनी संवैधानिक कानुन व्यवसायी मञ्चका अध्यक्ष अधिवक्ता डा चन्द्रकान्त ज्ञवाली र उपभोक्ता हित संरक्षण मञ्चका अध्यक्ष अधिवक्ता ज्योति बानियाँबाट रिट निवेदन परेको थियो। रिटमा मन्त्रिपरिषद्, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, परराष्ट्र मन्त्रालय, गृह, वाणिज्य तथा आपूर्ति मन्त्रालय र नेपाल आयल निगमलाई विपक्षी बनाइएको छ।

आजको पञ्चाङ्ग

मिति २०७२ साल कार्तिक १४ गते शनिबार, तदनुसार अक्टुवर ३१ सन् २०१५, श्रीशाके १९३७, नेपाल संवत् ११३५, कीलकनामकः संवत्सरः, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन्। शरद ऋतु चलिरहेको छ। चान्द्रमान अनुसार कार्तिककृष्णापक्ष चलिरहेको छ। सौरमान अनुसार आज कार्तिककृष्णापक्षपक्षको चतुर्थी तिथि ११ घटि ९ पला अर्थात बिहानमा १० बजेर ४२ मिनेटसम्म त्यसउप्रान्त पञ्चमी तिथि लाग्नेछ। आज सूर्य तुला राशिमा, चन्द्रमा मिथुन राशिमा अहोरात्र रहनेछ। आज दिनमान २७ घटि ४३ पलाको रहनेछ। आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर १४ मिनेटमा यम मुहूर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर १९ मिनेटमा हुनेछ।

आजको राशिफल

मेष : नयाँ काम गर्ने जोश जाँगर बढ्नेछ, आम्दानीमा बृद्धि हुनेछ, व्यापारबाट लाभ पाईनेछ ।

वृष : सोचाइ विपरित काम हुनेछ, पारिवारिक चिन्ता बढ्नेछ, घरमा बस्न मन लाग्नेछैन ।

मिथुन : काममा अवरोध आउनेछ, आफ्नो इज्जतमा आँच आउन सक्छ, काम गर्दा चनाखो हुनुहोला ।

कर्कट : व्यापार व्यवसायमा गिरावट, गरेको प्रयास असफल, स्वास्थ्यमा एक्कासि खराबी आउनेछ ।

सिंह : टाढाबाट धन आउनेछ, मानसिक शान्ति तथा आराम मिल्नेछ, शत्रु परास्त हुनेछ ।

कन्या : परिवारमा अशान्ति हुनेछ, आफन्तजनबाट धोका, वायुरोगले सताउनेछ ।

तुला : पुरानो धन प्राप्त हुने, स्वास्थ्यमा क्रमिक सुधार हुनेछ, दिन सामान्य रहनेछ ।

वृश्चिक : गुमेको धन फेला पर्न सक्नेछ, राजनैतिक सक्रियता बढ्नेछ, समग्रमा दिन शुभ छ ।

धनु : आम्दानीमा एक्कासि बृद्धि, सहयोगी हातहरू बढ्नेछन्, धर्मकर्ममा मन जानेछ, समय शुभ छ ।

मकर : सामाजिक कार्य गरेरपनि जस पाइने छैन, यात्रामा झन्झट खेप्नु पर्ला सतर्क रहनुहोला ।

कुम्भ : जमिन लाभ, नयाँ कार्यमा लगानी, महत्वपूर्ण उपलव्धि हाँसिल,दिन सबै प्रकारले शुभ रहने ।

मीन : जोखिममा काम गर्नु पर्नेछ, शत्रु भेद रहनेछ, अर्काको काममा समय बित्नेछ ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९

गोल्डेन न्यूज राष्ट्रिय दैनिक अनलाइनमा पढ्न र सुनौलो एफ.एम. १०२.२ मेगाहर्ज सुन्न
Log on : www.goldennews.com.np

खुशीको खबर !

के तपाईंलाई लागोभागो भई छेदभेद गर्दै हुनुहुन्छ ? चिन्ता नगर्नुहोस्, अकलाको गउडो पार लगाउने देवी हुनुहुन्छ। साथै ढाड दुखेको, वाथ, शुक्री, बाँझोपन हटाउने ग्याष्ट्रिक,रक्सी छुटाउने औषधि समेत पाइन्छ। *महिनावारी भएको ७ दिन र जूठो परेको १ वर्षपछिमात्र आउने ।*
अकलादेवी चढेकी अधिकारी (मिरुवाचोक प्रतिक्षालय नजिक)
वडा नं. २ घर नं. २ । सम्पर्क : ९८४६२८५९५९

प्रो. वद्री के.सी. : ९८५६०२९८४६
प्रो. गोपाल बहादुर कार्की : ९८५६०३१८७२
प्रो. राजेश के.सी. : ९८५६०३७३१७
ईन्द्रेणी क्याटरिङ एण्ड पार्टी प्यालेस
चापापानीमार्ग, पोखरा–१२, फोन : ०६१–५२५६४६, ५२७३०४
शुभ–विवाह, जन्मोत्सव, अन्नप्राशन, व्रतवन्ध, पिकानक, सेमिनार तथा अन्य कुनैपनि कार्यक्रमका लागि टेण्ट, लाइट, डेकोरेशन एवं फुल तथा हाफ क्याटरिङका साथै कुक चाहिएमा हामीलाई सम्झनुहोस् ।
(हामीकहाँ २०० गाडी अटाउने पार्किङ पनि छ ।)

पोखरामा पहिलो पटक
यौनबर्द्धक : लिङ्गको साइज, पावर बढाउन, शिघ्र स्खलन रोक्न, विश्व विख्यात हर्बल सप्लिमेन्ट उपकरण, मसाज तेल (महिला पुरुष दुबैको लागि)
स्तन बढाउन, घटाउन, टाइट गर्न, गुप्ताङ्ग कसिलो बनाउन, पेटको चिरा हटाउन।
केश झर्न रोकी उमार्ने तेल, Hair Building Fibers.
Cuit Face बनाउन रुप अमृत (Inddian), Fair Look
उचाई बढाउन Step Up, Triple Height
तौल बढाउन (B.D.P) Body Buildo घटाउन (More Slim)
थाहै नदिई जाँड रक्सी चुरोट, खैनी, गाँजा तथा ड्रग्स छुटाउन।
ढाँड तथा जोर्नी दुखाइ ठिक पार्न, सन्धी सुधा पेननिल।
अब Facebook मा www.facebook.com/Pokhara Herbal Home
पोखरा हर्बल होम्स
(भाटभटेनीको ठिक अगाडि) न्यूरोड, पोखरा
061-539070, 9856035331, 9804122919
फ्रि होम डेलिभरी

विदेश जानेहरूका लागि सुवर्ण अवसर
Macow, Abudabi को Spark, Middle East, Star र Al Jaber Coin दुवई र कतारको Grup-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु–सम्पर्क गर्नुहोला ।
हाम्रा विशेषताहरू :- अन्तर्वार्ता धमाधम भइरहेको छ ।
❖शतप्रतिशत उत्तीर्ण गराउन सफल ❖आफ्नै मेनपावर कम्पनीबाट प्रोशेस गराइने ।
❖१ वर्षमा ३ सय भन्दा बढी सेक्यूरिटी गार्डमा पास गराउन सफल
सम्पर्क | फेवा सेक्यूरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.
पृथ्वीचोकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुक्तिनाथ विकास बैंकको अगाडि, पोखरा विजनेश कम्प्लेक्स सटर नं. ३०,
फोन:०६१–५५०२५२, मो. ९८४६०–४१४९२

"रंगहरूको अन्तिम गन्तव्य"
आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल
योर्स ट्रेड कन्सर्न
सर्वसूलभ तथा गुणस्तरीय सेवाको लागि हामीलाई सम्झनुहोस् !
फोन : ०६१–४३०१६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलरः एशियन पेन्ट
नेपालमा सर्वाधिक रूचाईएको पेन्ट

अनेक समस्या सफल उपचार
ग्याष्ट्रिक: खाना रुचि नहुने, अमिलो पानी आउने, झुसिल ढकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।
यौन समस्या:- सिघ्र स्खलन, उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार ।
महिला सम्वन्धि समस्या
महिनामारी गडबढी, सेतोपानी बग्ने, योनी चिलाउने, तल्लो पेट ढाड कम्मर दुख्ने, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाइट गर्ने, यौन चाहानामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक पद्धतिबाट सफल उपचार ।
जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने
सुन्दरता:- कालो चायाँ पोतो, डण्डिफोर, दाग धब्बा, मखिया, कोठी, चाउरपिन हटाई पुरै शरिर गोरो बनाउने ।
दुब्लो पातलो शरिरको तौल बढाउने साथै मोटो पन घटाउने ।
थप उपचार:- प्रेसर, सुगर, जण्डिस, पिनास, पाइल्स, दम साथै वाथ, ढाड कम्मर, हाड जोर्नी पुरै शरिर दुःखाई ठिक पार्ने मसाज तेल ।
शितल आयुर्वेद फर्मा
पृथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फ्रि होम डेलिभरि
फोन नं.०६१–५३१८६७, ०६–१२२९९९८, मो. ९८४६१३७४१८

—रंग संसार—

मध्यान्ह ब्याण्डलाई निरन्तरता दिने तयारीमा कर्णदास

राजाराम पौडेल/गोल्डेन
पोखरा १३ कार्तिक ।

नेपाली सांगीतिक फाँटमा आफ्नो बेग्लै पहिचान बनाएर अमेरिका पलायन भएका पोखरेली गायक कर्णदास नेपाल फर्कीएका छन् । उनी अमेरिका नर्फकन गरी नौ वर्ष दश महिनाको लामो अमेरिका बसाइ पछि जन्मभुमी नेपाल फर्कीएका हुन् । केहि दिन अगाडि आफ्नो जन्मथलो पोखरा आइपुगेका उनले साँगीतिक क्षेत्रमा पुनः निरन्तरता दिने बताएका छन् । यसरी उनको नेपाल आगमन र साँगीतिक क्षेत्रमा निरन्तरता दिने भनाइले उनका शुभचिन्तक मात्र नभएर आम नेपाली साँगीतिक क्षेत्रलाई माया गर्ने दर्शक श्रोता उत्साहित भएका छन ।

लामो समय अमेरिका रहे पनि आफ्नो क्रेज नघटेकोले पुनः स्थापित हुन सहज हुने कर्णदासको विश्वास छ । 'मेरो क्रेज कतिपनि घटेको छैन' उनले थपे 'अमेरिकामा रहदाँ पनि विभिन्न साँगीतिक कार्यक्रममा सहभागीता जनाइ सक्रिय भएको थिए ।'

यस्का अलावा फोन र सामाजिक सञ्जाल मार्फत सधैं दर्शक श्रोताको साथमा भएकोले अमेरिकामा रहदाँ समेत श्रोता दर्शकको मायामा कुनै कमि नआएको उनको तर्क छ । 'अहिलेसम्म श्रोताको उस्तै माया पाएकोले नै नेपाल फर्किएर आएको हुँ' उनले भने । पोखरा आए सँगै आफ्ना शुभचिन्तकका लागि छिट्टै लाइभ कन्सर्ट गरी पोखरालाई पुनः संगीतमय बनाउने योजना उनले बनाएका छन् ।

यो क्षेत्रमा निरन्तरता दिए पनि आफु व्यापारिक हिसाबले पैसा कमाउनका लागि साँगीतिक क्षेत्रमा पहिला पनि नलागेको र अब पनि नलाग्ने उनले प्रष्ट पारेका छन् । 'म कर्मसियल रुपमा यो क्षेत्रमा पहिला पनि लागेको थिइन अब पनि लाग्ने छैन' । साँगीतिक क्षेत्रको निरन्तरतासँगै अब छोराहरुसँग सल्लाह गरेर नयाँ क्षेत्रमा लगानी गर्ने सोचमा आफु रहेको कर्णदास बताउँछन् । आफ्नो विदेश यात्राले साँगीतिक क्षेत्रमा अगाडि बढ्न थप उत्साह थपिदिएको उनले बताए ।

समय अनुसारका गीत दर्शक श्रोतामाझ पस्कीएर दर्शक श्रोताको साँगीतिक तृष्णा मेटाउने योजना उनले बनाएका छन् । अमेरिका रहदाँ समेत झण्डै एक दर्जन गीत रेकर्ड उनले गराएका थिए । स्वदेश फर्केसँगै आफ्नो नयाँ सोलो एल्बम सन् २०१६ मा रिलिज गर्ने तयारीमा उनी जुट्न लागेका छन् । एल्बमका लागि गीत रेकडिङ तिहार लगत्तै शुरु गरिने भएको उनले जनाए । आफ्नो पुरानै धारलाइ नयाँ मेलोडिमा ढालेर गीत तयार पार्ने उनको योजना छ । 'उत्कृष्ट शब्द र संगीतमा नयाँ गीत पस्कदै पहिलाकै रफ्तारमा आफ्नो साँगीतिक यात्रा अगाडि बढाउने छु' उनी वाचा गर्छन् । पोखरामानै बसेर यात्रा अगाडि बढाउने योजना बनाएका उनी आवश्यकता महशुस भए राजधानी काठमाडौं जाने बताउँछन् ।

आफ्नो लोकप्रियता र व्यस्तता चुलीएकै बेला पारिवारिक सल्लाहमा अमेरिका हानिएका उनले अमेरिका यात्रा जुन उद्देश्यका लागि थियो त्यो उद्देश्यमा सफल भएको बताउँछन् । 'जुन उद्धेश्यले म अमेरिका पुगे त्यसमा म पुर्ण सन्तुष्ट छु ।' हुन त वि.स.२०५३ सालमा 'जिन्दगीको के भरोसा' बोलको गीतबाट डेब्यू गरेका कर्णदासलाई साथीहरुले तिम्रो स्वर राम्रो छ गीत गाऊ भन्न थाले । यसबाट उत्साहित बनेका उनले साथीहरुसँग मिली मध्यान्ह ब्याण्ड स्थापना गरे । २०५३ ब्याण्डमार्फत् 'मध्यान्ह-१' नामक एल्बम

श्रोतामाझ पस्किए । यस एल्बमबाट मध्यान्ह समूह र कर्णदासको चर्चा नेपाली साँगीतिक फाँटमा चुलीन पुग्यो । त्यसपछिका उनका गीत एकपछि अर्को चर्चाको शिखर चुमे । 'मध्यान्ह-१' लाई श्रोताले औधी रुचाएपछि विभिन्न साँगीतिक कार्यक्रममा समेत यो समूहको माग हुन थालेको थियो । साँगीतिक फाँटमा संघर्ष गर्न काठमाण्डौ हानिएका यो समूहका सदस्यहरुले श्रोता शुभचिन्तकको राम्रो साथ पाए । पहिलो एल्बमबाट पाएको सफलतासँगै दोस्रो एल्बम निकाल्न हौसीएको यो समूहले २०५४ मा 'मध्यान्ह-२' नामक एल्बम निकाल्यो यस एल्बमबाट कर्णदासको लोकप्रियता बढेर गयो । यसरी श्रोता दर्शक तथा शुभचिन्तकबाट पाएको सर्पोटसँगै उनले २०५६ मा पहिलो सोलो एल्बम 'बेथैं फेरी' बजारमा ल्याए यसबाट उनी सोलो गायकको रुपमा समेत स्थापित बन्न पुगे । हरेक एल्बमबाट पाएको सफलतासँगै उनको चर्चा अनि व्यस्तता बढेर गयो विभिन्न चलचित्रका गीत राष्ट्रभावले ओतप्रोत लगायत सबै विधाका गीतमा आफ्नो सुमधुर आवाज भर्न भ्याए । सबै विधाका गीतको माध्यमबाट उनले श्रोताको राम्रो साथ पाए । पुनः तेस्रो एल्बम 'मध्यान्ह-३' निकाले । यो एल्बमले समेत यो समूहको लोकप्रियता बढ्न पुग्यो । यसपछाडि भने उनले समुहलाई निरन्तरता दिन सकेनन् । सोलोगायककै रुपमा करियर अगाडि बढाउने निर्णय गरे फलस्वरुप २०५९ मा दोस्रो सोलो एल्बम 'पुरानो डुङ्गा' मार्फत निरुन्तरता दिए ।

दुई वर्षको अन्तरालमा तेस्रो सोलो एल्बम 'आधा सपना' श्रोतामाझ पस्किए । २०६३ मा 'प्रित' नामक चौथो सोलो एल्बम बजारमा पस्केका थिए । झण्डै दश वर्ष एल्बम बजारमा ल्याउन नसकेपनि अब भने ब्याण्ड र सोलो गायन दुवैलाइ सँगसगै अगाडि बढाउने योजना उनले बनाएका छन् ।

मध्यान्ह समुहलाई पनि निरन्तरता दिनका लागि ब्याण्डका साथीहरुसँग कुरा भैरहेको उनले बताएका छन् । 'सबै ब्याण्ड मेम्बरहरु फाइनान्सीयल रुपमा सक्षम भएकोले पनि निरन्तरता दिन सहज हुने छ' उनले भने । झण्डै १२ सय गीतमा आवाज भरिसकेका उनलाई हाल सम्म थुप्रै संघ-संस्था मार्फत सम्मान समेत गरिसकेका छन् । २०५४ मा आयोजित माछापुच्छ्रे म्युजिक कन्टेस्टमा मध्यान्ह समूहबाट ब्यस्ट ब्याण्ड, ब्यस्ट लिरीक्स र वेस्ट भोकलमा बाजी मारेका थिए । हिट्स एफ एमले आयोजना गरेको हिट्स एफ एम म्यूजिक अवार्ड २०५५ मा रेकर्ड अफ द एयर र वेस्ट पर्फमेन्स फर ग्रुप, २०५६ मा वेस्ट पर्फमेन्स फर ग्रुप, २०५८ मा वेस्ट भोकल पर्फमेन्स, २०५९मा वेस्ट भोकल पर्फमेन्स, २०६० मा वेस्ट भोकल पर्फमेन्स र रेकर्ड अफ द एयर प्राप्त गरीसकेका छन् ।

सानमिगल म्युजिक अर्वाड २०५७ मा वेस्ट भोकल पर्फमेन्स अवार्ड हात पारेका उनले माछापुच्छ्रे एफ एम अर्वाड २०५९ मा बेस्ट सङ तथा बेस्ट भोकल, नेपाल जेसिसको वेस्ट युथ अफ द एयर अवार्ड बोस्टन कलेज अफ लन्डनको लङ टाइम आउट स्टान्डिङ एचिभमेन्ट एज नेपाली सिङ्गर अवार्ड आठौ इमेज अवार्डमा वर्षको उत्कृष्ट गायकसहित तिन विधामा अवार्ड जितीसकेका छन् ।

कास्कीको निर्मलपोखरीमा जन्मिएका कर्णदासको बाल्यकाल भारतका विभिन्न शहरमा बित्यो । बुबा इन्डियन आर्मीमा भएकोले पनि बुबा जहाँ जहाँ जानुभयो उहि जानुपर्ने थियो । तीन र चार कक्षा भने गाउँकै जनचेतना मा.वि. र आठ कक्षा पोखराको नवप्रभातमा पढेका उनको हाइस्कुलको पछिल्लो समय दिल्लीमा बित्यो । त्यहाँ बस्दा म्यूजिक कक्षामा समेत सामेल भएका उनले गिटार बजाउन त्यस समयमै सिक्ने मौका पाएका थिए । उनले नेपालका विभिन्न ठाउँ तथा जापान, बेलायत, अमेरीका, हङकङ, भारत लगायत विदेशी मुलुकमा आयोजित कैयौ कार्यक्रममा सहभागीता जनाइसकेका छन् ।

प्रतिक्रियाका लागि :
popdiary@gmail.com

सांग्रिलाको १२औं वार्षिकोत्सव

गोल्डेन न्यूज संवाददाता
पोखरा १३ कार्तिक ।

सांग्रिला डेभलपमेण्ट बैंक शुक्रबारबाट ११औं वर्ष पुरा गरि १२औं वर्षमा प्रवेश गरेको छ । वार्षिकोत्सवको अवसरमा बैंकले आफ्नो २८ औं शाखा सुनसरी जिल्लाको इटहरीमा खोली कारोबार शुभारम्भ गरेको बैंकका प्रमुख कार्यकारी अधिकृत राजेन्द्र प्रसाद पौडेलले बताए ।

वार्षिकोत्सवको अवसरमा बैंकका अध्यक्ष प्रा. सुरेन्द्र बहादुर भारीजु, संचालकद्वय निरन कुमार श्रेष्ठ तथा चुडामणि ढकालको उपस्थितिमा बैकको सामाजिक उतरदायित्व अन्तर्गत काठमाण्डौ कालीमाटी स्थित आमाघरका करिव ५० जना वृद्ध आमाहरुलाई भोजन तथा खाद्यान्न सामाग्री वितरण गरिएको बैंकका नायब प्रमुख कार्यकारी अधिकृत दिनेश थकालीले बताए । बैंकको क्षेत्रीय कार्यालय, नेपालगञ्जमा ए.टी.एम. सेवाको पनि शुभारम्भ गरेको नायब प्रमुख कार्यकारी अधिकृत थकालीले बताए । वार्षिकोत्सवको अवसरमा रक्तदान-जीवनदान भन्ने भावार्थलाई मनन गरी नेपालगंज शाखा परिसरमा रक्तदान कार्यकम गरी ७९ पिन्ट तथा क्षेत्रीय कार्यालय न्यूरोड पोखरा परिसरमा संचालन गरिएको रक्तदानमा १०६ पिन्ट गरि कुल १८५ पिन्ट रगत संकलन गरि रक्त संचार केन्द्रलाई हस्तान्तरण गरिएको बैंकले जनाएको छ ।रक्तदान कार्यकममा सहभागी सम्पूर्ण दाताहरुलाई बैंक परिबारले धन्यवाद व्यक्त गरेको बैकका प्रमुख कार्यकारी अधिकृत राजेन्द्र प्रसाद पौडेलले बताए ।

मजदूर संगठनद्वारा आर्थिक सहयोग

गोल्डेन न्यूज संवाददाता
पोखरा १३ कार्तिक ।

नेपाल यातायात स्वतन्त्र मजदुर संगठन स्थानीय मिनीबस इकाईको आयोजना गत भाद्र १३ गते ना५ख ७२२८ नम्वरको बसका हेल्फर बिष्णु बहादुर आले मगर को सवारी दुर्घटनामा परि असामहियक निधन भएको थियो । उक्त बसका हेल्फर बिष्णु आले मगरको श्रीमती सबिना आले मगरलाई नेपाल यातायात स्वतन्त्र मजदुर संगठन गण्डकीको कोषबाट १० हजार रुपैयाँ र नेपाल यातायात स्वतन्त्र मजदुर संगठन स्थानीय मिनीबस इकाईका कोषबाट १० हजार रुपैयाँ संगठनका केन्द्रिय सचिव कर्णसिँ गुरुङले एक समारोह बीच हस्तान्तरण गरे । रकम हस्तान्तरण गर्दै यो रकम ठूलो रकम त होइन तै पनि यो रकमले पनि म केहि काम गर्न सक्छु भनि हिम्मत गर्ने सुझाव दिनुभयो संगठनका अंचल अध्यक्ष बिष्णु बहादुर खत्री क्षेत्रीले अहिलेको जटिल अवस्थामा सम्पुर्ण यातायात मजदुरहरु नेपाल यातायात स्वतन्त्र मजदुर संगठनमा गोलबन्द हुन अह्वान गरे । कार्यकममा इकाई अध्यक्ष राम कुमार श्रेष्ठ ले मजदुरहरुबाट थोपा थोपा रकम संकलन गरि उक्त रकम हस्तान्तरण गरेको भनाई राखे । राम कुमार श्रेष्ठको अध्यक्षतामा भएको कार्यकममा संचालन अंचल सदस्य तथा इकाई इन्चार्ज हरि प्रसाद बाँतोलाले गरेका थिए ।

शिक्षा मन्त्रालय र जनक शिक्षाको बेमेल, पाठ्यपुस्तक छपाइमा ढिलाई

काठमाडौं १३ कार्तिक ।

शिक्षा मन्त्रालय र जनक शिक्षा सामग्री केन्द्रबीचको बेमेलका कारण आगामी शैक्षिक सत्रमा पनि विद्यालय तहका पाठ्यपुस्तक अभाव हुने देखिएको छ । नेपाली र भारतीय बजारमा नपाइने प्रकारको कागजको गुणस्तर (स्पेसिफिकेसन) मा पाठ्यपुस्तक छाप्नुपर्ने यसअघि बनाइएको मापदण्ड परिवर्तनका लागि जनक शिक्षाले छ महिनाअघि आग्रह गरे पनि हालसम्म निर्णय भएको छैन । सरकारको '२० कोभ भ्याल्यु' को कागजमा पाठ्यपुस्तक छाप्नुपर्ने निर्देशन उल्लङ्घन गर्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कारबाही हुने र पालना गर्दा बजारमा कागज नपाइने केन्द्रको भनाइ छ ।केन्द्रको सञ्चालक समितिको अध्यक्ष शिक्षा मन्त्रालयका सचिव नै रहेको अवस्थामा पनि समयमा सहयोग र सहजीकरण नभएकाले आगामी वर्ष पाठ्यपुस्तकको अभाव हुन सक्ने केन्द्रका प्रबन्ध निर्देशक अनिलकुमार झाले बताए । उक्त मापदण्ड परिवर्तनका लागि मन्त्रालयमा पाठ्यक्रम विकास केन्द्रका कार्यकारी निर्देशक दिवाकर ढुङ्गेलको संयोजकत्वमा गठित कार्यदलले पनि गत जेठमा सुझाव दिइसकेको थियो । उनले भने-"हामीलाई अनेक बहानामा अल्झाएर काम गर्न नदिने अनि निजी क्षेत्रका प्रेसलाई जिम्मेवारी दिने सोच देखिएको छ । यस्तो स्थिति चाँडो अन्त्य हुनुपर्छ, अन्यथा विद्यार्थीको हातमा समयमा पुस्तक पुग्दैन ।"

वैशाखमा सुरु हुने हरेक शैक्षिक सत्रको १५ दिन अगावै कक्षा १ देखि १० सम्ममा पाठ्यपुस्तक सेटमा उपलब्ध गराउनु सरकारको दायित्व हुनेछ । मन्त्रालयले दातृ निकायसँग पनि सोही प्रतिबद्धता जनाई विद्यालय क्षेत्र सुधार कार्यक्रम सञ्चालन गरिरहेको छ । शिक्षा मन्त्रालयका प्रवक्ता डा हरि लम्सालले भने केन्द्र आफैंले कागजको वर्गीकरण र खरिदको प्रक्रिया अघि बढाउन सक्ने दाबी गर्छन् । उनले कागजको नयाँ वर्गीकरणका बारेमा आफूलाई पनि स्पष्ट जानकारी नभएको बताए । केन्द्रका अनुसार आगामी शैक्षिक सत्रका लागि कक्षा १ देखि १० तहमा करिब तीन लाख ६० हजार थान पाठ्यपुस्तक आवश्यक रहेकामा हाल करिब ६० लाख थान मात्र उत्पादन भएको छ ।

नयाँ कागज खरिदका लागि उपयुक्त वातावरण नभएका कारण केन्द्रको प्रेसको क्षमता दैनिक एक लाख २० हजारको भए पनि हाल करिब १५ हजार थान पाठ्य पुस्तक प्रकाशन भइरहेको छ।

व्यवस्थापिका-संसद्को महिला, बालबालिका ज्येष्ठ नागरिकका तथा समाजकल्याण समितिले पाठ्यपुस्तक अभावको समस्या समाधान गर्न मन्त्रालयलाई पटक पटक निर्देशन दिँदै आएको छ । जनक शिक्षा कर्मचारी सङ्घका अध्यक्ष रामबहादुर कुँवरले खुला प्रतिस्पर्धाबाट नियुक्त प्रबन्ध सञ्चालक झाबाट प्रतिबद्धता अनुसार काम नभएकाले पनि समस्या आएको बताउँदै नेपाल गुणस्तर तथा नापतौल विभागले बजारमा पाइनेमध्ये स्तरीय कागजमा पुस्तक छाप्न कुनै बाधा नभएको जनाए ।

मन्त्रालयका सचिव तथा सञ्चालक समितिका अध्यक्ष विश्वप्रकाश पण्डितले केन्द्रका प्रबन्ध सञ्चालक दसैं बिदाबाट कार्यालय फर्कन दुई दिन ढिला हुँदा मौखिक आदेशमा निर्देशक कपिल पोखरेललाई निमित्त प्रबन्ध सञ्चालनको जिम्मा दिएकाले पनि केन्द्रमा आन्तरिक किचलो बढ्ने भएको छ । पण्डितकै निर्देशनमा पोखरेलले प्रशासन प्रमुखमा महेन्द्र गौतमलाई ल्याएको र झा फर्किसकेपछि यसअघिका प्रशासन प्रमुख टङ्कमणि अधिकारीलाई पुनःजिम्मेवारी दिइने तयारीले द्वन्द्व बढेको हो ।

पाठ्यपुस्तकको उत्पादन र वितरणमा केन्द्र र साझा प्रकाशनलाई एकाधिकार दिन गत जेठमा दुवै निकायका प्रमुख, पूर्वशिक्षामन्त्रीद्वय प्रदीप नेपाल र दीनानाथ शर्मा तथा तत्कालीन मुख्य सचिव लीलामणि पौडेलले शिक्षा मन्त्रालयमा आग्रह गरिए पनि सोअनुसार निर्णय नहुँदा पाठ्यपुस्तक अभाव हुने साझा प्रकाशनका अध्यक्ष तथा महाप्रबन्धक डोलिन्द्रप्रसाद शर्माले बताए । सो प्रस्तावमा तत्कालीन शिक्षामन्त्री चित्रलेखा यादव सकारात्मक रहे पनि कर्मचारी संयन्त्रले नसघाएको ती दुई निकायको गुनासो छ । उनले भने-"शिक्षा मन्त्रालयमा निजी क्षेत्रका आत्मा बोकेका केही उच्च कर्मचारी रहेका कारण राज्यको स्वामित्वमा रहेका संस्था धरासायी बनाइ निजी क्षेत्र र वैदेशिक कम्पनीलाई पोस्ने प्रयास भइरहेकाले काम गर्न सहजता छैन, त्यसकारण विद्यार्थी र अभिभावकले दुःख पाइरहेका छन् ।" शर्माको दाबी छ,-"सरकारले अनुमति दिएमा साझा प्रकाशनले पाठ्यपुस्तक अभावको समाचार नआउने स्थिति ल्याउनेछ ।" रासस

बहिरा विद्यालयलाई आर्थिक सहयोग

पोखरा १३ कार्तिक ।

स्याङ्गजा समाज, जापानले स्याङ्गजाको चण्डिकालिका बहिरा विद्यालयलाई आर्थिक सहयोग प्रदान गरेको छ । बिहिबार विद्यालयमा आयोजित एक समारोहका बीच उक्त सहयोग रकम समाजका महासचिव नरेश जिसीले विद्यालयका व्यवस्थापन समितिका अध्यक्ष अमिर बक्स मियाँलाई हस्तान्तरण गरेका हुन् । पुतलीबजार नगरपालिका वडा नम्बर ४ मा अवस्थित उक्त विद्यालयले विगत ६ वर्षदेखि जिल्लाका विभिन्न ठाउँमा रहेका बहिरा विद्यार्थीहरुलाई अध्यापन गराइरहको छ । हाल उक्त विद्यालयमा तीन दर्जन बढि विद्यार्थीहरु अध्ययनरत रहेको समाजका सदस्य अर्जुन हमालले बताए । उक्त कार्यक्रममा समाजले जिल्ला कै विरुवा अर्चले गाविसमा रहेको जनजागृति प्राथमिक यिवद्यालयलाई पनि सहयोग रकम हस्तान्तरण गरेको छ । त्यसै गरी दुई जना अपांग विद्यार्थीहरु सुशान्त क्षत्री र अस्मिता केसीलाई पनि पाँच हजार रुपैयाँका दरले आर्थिक सहयोग गरिएको स्याङ्गजा सहयोग समाज, अन्तर्राष्ट्रिय समन्वय समितिका संस्थापक अध्यक्ष अनन्त कुमार श्रेष्ठले जानकारी दिए । स्याङ्गजा जिल्ला घर भई अध्ययन तथा रोजगारीको शिलशिलामा जापानमा रहेका स्याङ्गजावासीहरुको साझा संस्था समाजले त्यहाँ रहेका नेपालीहरुबाट संकलित रकमबाट विभिन्न समयमा यस्ता कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । कार्यक्रममा स्याङ्गजा सहयोग समाज, अन्तर्राष्ट्रिय समन्वय समितिका निवर्तमान सचिव मेघ प्रनेश र निवर्तमान कोषाध्यक्ष हरि अर्यालले बोलेका थिए ।

पोखरा उप-महानगरपालिका कार्यालयको

अत्यन्त जरुरी सूचना !

यस कार्यालयबाट आ.व. २०७१/२०७२ सम्ममा विभिन्न योजना, कार्यक्रमहरु संचालन गर्नको लागि विभिन्न संघसंस्था, उपभोक्ता समिति मार्फत रकम निकासा लिई हालसम्म पनि कार्य सम्पन्न गरी फरफारकको लागि यस कार्यालयको सम्पर्कमा नआउनु भएका उपभोक्त समिति, संघसंस्थाहरुलाई आवश्यक कागजात सहित २०७२ कात्तिक मशान्त भित्र यस कार्यालयमा सम्पर्क राखी आ-आफ्नो नाउँको पेश्की फरफारक गर्नुहुन यो सूचना जारी गरिएको छ । अन्यथा बाँकी रहेको रकमा निकासा दिन कार्यालय बाध्य नहुने साथै योजना तथा कार्यक्रम संचालन नभएको पाईएमा नियमानुसार कार्वाही हुने व्यहोरा हुने व्यहोरा समेत जानकारी गराईन्छ ।

कार्यकारी अधिकृत
पोखरा उप-महानगरपालिका कार्यालय

Study in Japan
Intake for January & April-2016
City of your choice
Tokyo | Chiba | Nagoya | Fukuoko | Sendai | Osaka | Okinawa | Gunma ken & many more ...
& China
Dalian | Nantong
Free Processing for Master, Bachelor & +2 First Divison Students*

1. SLC मा उर्तिणले apply गर्न सकिने
2. Part Time Job ग्यारेन्टी
3. Work Visa मा Change गर्न मिल्ने
4. विश्वविद्यालय जान सकीने
5. NAT & JLPT Not required
6. IT Job-Guaranteed Course for IT bachelor Students

Contact: WE MAKE YOUR FUTURE BRIGHT
MIRAI INTERNATIONAL EDUCATIONAL CONSULTANCY
Mahendrapool, Bastholathar (Medicalline), Pokhara
061-520113, 9856046980, 9846646980
miraiinternational.edu.cons@gmail.com

अमेरिकन डेब्लोम्याटिक सेक्युरिटी तालिमको अवसर

१. State department एवं अन्य देशहरुबाट सेक्युरिटी तालिम प्राप्त, धेरै देशहरुमा सेक्युरिटी सुपर भाइजरका साथै सेक्युरिटी कन्सल्टेन्टमा काम गरेर अनुभव बटुल्नुभएका दक्ष, अनुभवी प्रशिक्षकबाट प्रशिक्षण गराइने ।
२. Dubai को DPS आवुधावीको PSBD कतारको Grup4 मकाउ, बहराइन, मलेसिया एवं Europe, America का deplometic Security तालिम छुट्टा-छुट्टै दिइने ।
३. व्यवहारिक एवं सैद्धान्तिक ज्ञान पूर्णरुपमा हासिल गराउने ।
४. शान्त वातावरणमा फराकिलो Classroom मा Securrity गार्डको Theory & Practical गराइने ।
५. अंग्रेजी भाषा सिकाउनुका साथै अंग्रेजी बोल्न सक्ने बनाउने ।
६. Interview का लागि तयारी बनाउने ।
७. तालिम पश्चात विदेश जानका लागि सर्टिफिकेट उपलव्ध गराइने ।
८. विदेश जान ईच्छुक हुनुहुने दाजुभाई तथा दिदीबहिनीहरुलाई परामर्श तथा प्रशिक्षण दिइने ।
९. नेपालमै विभिन्न संघसंस्था वित्तीय क्षेत्र बैंक, कलकारखाना, उद्योग, कलेज, स्कूल, हस्पिटलहरु आदि इत्यादि ठाउँहरुमा सेक्युरिटी गार्ड उपलव्ध गराइने ।

आर्मर ग्रुप सेक्युरिटी एण्ड सप्लायर प्रा.लि.

सम्पर्क : ९८४६३५५३४२ (डिसी अर्याल), ९८५६०२३८६२ (जितबहादुर) ९८०६७०८२४६, ९८०६७०८२४७, ०६१-५३०७२४ (अफिस)
(पृथ्वीचोकबाट १०० मिटर तल, एयरपोर्ट जाने बाटोमा, मुक्तिनाथ विकास बैंकको ठीक अगाडि, पोखरा विजनेश कम्प्लेक्सको दोस्रो तला)

इन्धन सङ्कटले सीमाका बासिन्दाको फेरियो जीवन शैली

दीपक घिमिरे
रुपन्देही १३ कार्तिक ।

सीमा नाकामा बसेर व्यापार गर्नेहरुको अहिले दिन दुई गुना रात चौगुनाको हिसाबले कमाई भइरहेको छ । छिमेकी मुलुक भारतले गरेको अघोषित नाकाबन्दीले एकाथरी जनतालाई पेट्रोलियम पदार्थ लगायतका अत्यावश्यकीय वस्तुको अभावले पिरोलिरहेको छ भने सीमा क्षेत्रमा बस्ने नागरिकलाई भने यो सङ्कट कमाउने अभूतपूर्व मौका साबित भएको छ । पशुपतिको यात्रा सिद्राको व्यापार भने झैं अचेल सुनौलीको यात्रा पेट्रोलियम पदार्थको व्यापार भएको छ नेपाल-भारत सीमा नाका बेलहियामा । भारतको अघोषित नाकाबन्दीका कारण सीमा नाका बेलहिया क्षेत्रमा पेट्रोलियम पदार्थको कालोबजार व्यापक रुपमा फस्टाउँदो छ । सीमा क्षेत्रमा बसोबास गर्ने युवाको अहिले दिनचर्या पनि फेरिएको छ ।

बिहान उठ्ने बित्तिकै भारतीय बजार नौतनवा पुग्ने ती युवाले मोटरसाइकलमा पूरै टचाङ्क पेट्रोल भरेर नेपालमा ल्याउने र आफूले तिरेको मूल्यभन्दा तीन गुणा बढीसम्ममा बिक्री गर्ने गर्दछन् । अन्य व्यवसाय गरेर कम मात्रै आम्दानी गर्ने गरेका सीमा क्षेत्रका व्यापारी रातारात हजारौं हजार कमाइ हुने भएपछि यस्तो धन्दामा लागेका हुन् । यस कार्यमा भारतीय युवाको सक्रिय भूमिका रहेको छ । भारतीय युवाले भारतीय नम्बर प्लेटका मोटरसाइकलमा भारतको नौतनवाबाट पेट्रोल लिएर आउने र भैरहवा बेलहिया सडकखण्डको बीच बाटोबाटै प्रतिलिटर २०० देखि २५० रुपैयाँसम्ममा नेपालीलाई बिक्री गरिरहेका छन् । भारतीय पेट्रोल पम्पमा पेट्रोलको मूल्य भारु ६८.८० पैसा पर्ने गर्दछ जसको नेपाली मूल्य ११०.०८ पर्ने गर्दछ । उनीहरुले बिक्री गर्ने पेट्रोलियम पदार्थ खरिद गर्न नेपाली तँछाडमछाड गरेका दृश्य भैरहवादेखि बेलहिया नाकासम्मै हरेक दिन देख्न पाइन्छ । स्थानीय प्रशासनकै अगाडि खुलेआम कालोबजारमा पेट्रोलको कारोबार भइरहँदा पनि स्थानीय प्रशासन भने मौन बसेको देखिएको छ ।

भारतीय पेट्रोल पम्पबाट आफ्नो मोटरसाइकलमा पूरै टचाङ्क भरेर ल्याइने तेल बेलहिया आसपासका क्षेत्र तथा भैरहवा, बनगाई, लुम्बिनी, मर्चवार, छपिया, अमुवा लगायतका स्थानमा बिक्री गर्ने गरिएको छ । तर पनि प्रशासनले कसैलाई कार्वाही गर्न सकेको देखिँदैन । बुटवलबाट पेट्रोल किन्न बेलहिया आएका दलबहादुर थापाले भने-"के गर्ने नेपालका पेट्रोल पम्पमा तेल छैन । दैनिकी चलाउन पनि गाह्रो भयो । त्यही भएर दोब्बरभन्दा पनि बढी तिरेर भए पनि बाइक त चलाउनै पर्‍यो नि !" यसरी राखेको तेलले मोटर साइकल बिग्रिएर धेरैजना हैरानीमा परेका छन् । थापा जस्ता धेरैको यस्तै सुनासा सुनिन्छ ।

भारतीय नागरिकले नेपालमा तेलको अभाव भएको मौका छोपी दैनिक आठदेखि १० पटकसम्म नेपालमा आएर यस्ता कार्य गरिरहेका छन् । उनीहरुले त्यसरी ल्याएका पेट्रोल यात्रुवाहक बसमा राखेर बेलहियाबाट काठमाडौं, पोखरा, बागलुङ, नारायणगढसम्म पनि पठाउने गरेको एक व्यापारीले उल्लेख गरे । त्यसरी खरिद गरेका पेट्रोलको शुद्धता कस्तो छ भन्नेबारे सर्वसाधारणले कुनै चासो पनि राखेको पाइँदैन ।

पेट्रोलमा मिसावट

भारतीय बजार नौतनवा लगायतका स्थानबाट ल्याइएको पेट्रोलमा व्यापक मिसावट भएको पाइएको छ । खुला ठाउँबाट बिक्री हुने त्यस्ता पेट्रोलमा डिजेल, ताडपिन तेल, मट्टीतेल, जीवनजल र पानी मिसाएर बिक्री-वितरण गर्ने गरेको पाइएको हो । मिसावटयुक्त पेट्रोलको प्रयोगका कारण मोटरसाइकल तथा कारको इन्जिन बिग्रिएर हैरानी बेहोर्नु परेको प्रयोगकर्ताले बताएका छन् । मिसावटयुक्त पेट्रोलका कारण दैनिक दुई/तीनवटाका दरले प्रत्येक जसो मोटरसाइकल ग्यारेजमा मर्मतका लागि आउने गरेको सञ्चालकले बताएका छन् । भारतीय बजार नौतनवाबाट ल्याएर नेपालमा भरेको पेट्रोलका कारण कतिपय व्यक्तिको मोटरसाइकलको इन्जिन नै ध्वस्त भएको उनीहरुको भनाइ छ । भैरहवा अञ्चलपुरका मोटरसाइकल मेकानिक मनोज शर्मा भन्छन्- त्यस्ता पेट्रोल भरेका पाँचवटा मोरसाइकलको इन्जिन त मैले मात्रै बनाइसकें । आठ-दश वटा बाइकको टचाङ्की पनि सफा गरिदिएँ । त्यस्ता समस्या लिएर आउनेको भीडको लेखाजोखा नै छैन । तेलका कारण कतिपय मोटरसाइकलको इन्जिन नै काम नलाग्ने भएका छन् ।"

भारतीय पेट्रोल पम्पमा मोटरसाइकलको घुइँचो

भारतीय बजार नौतनवाका विभिन्न पेट्रोल पम्पमा गएर पेट्रोल भर्ने नेपाली मोटरसाइकलको भीड लाग्ने गरेको छ । नेपाली नम्बर प्लेटका गाडीलाई अनुमतिपत्र (भन्सार सुविधा) बनाएर भारतको नौतनवासम्म आवतजावत गर्न पाउने सुविधा भएसँगै नेपाली मोटरसाइकलको भारतीय पेट्रोल पम्पमा भीड लाग्ने गरेको हो । त्यताका भन्सार कर्मचारीलाई अनुमतिपत्र बनाउन भ्याइनभ्याई छ । भारतीय नम्बर प्लेटका सवारीसाधनले पनि दिनमा एकपटक अनुमतिपत्र लिएर नेपाल प्रवेश गर्न पाउने व्यवस्था भए पनि एकै दिनमा १० देखि १५ पटकसम्म ओहोरदोहोर गर्ने गरेका छन् । यहाँका भन्सार कर्मचारीलाई पनि यस्तो अनुमतिपत्र बनाइदिन भ्याइनभ्याई छ ।

तराईमा आन्दोलनरत संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाले अनधिकृत पेट्रोलियम पदार्थको ओसारपसारले आफ्नो आन्दोलन कमजोर पारेको जनाउँदै कालोबजारी प्रवृत्तिमा रोक लगाउने निर्णय गरे पनि तराईका पान पसलदेखि फेन्सी पसलसम्म फस्टाएको पेट्रोलको धन्दा रोक्न निकै कठिनाइ भए जस्तो देखिएको छ । यद्यपि खुलेआम रुपमा पेट्रोलियम पदार्थको कालोबजार भएको पाइए स्थानीय प्रशासन ऐनअनुसार कालोबजारी गर्नेमाथि कार्वाही अघि बढाउने रुपन्देही प्रशासनले जनाएको छ ।

रुपन्देहीका सहायक प्रमुख जिल्ला अधिकारी कोशलराज शर्माले इन्धनमा भइरहेको कालोबजारी रोक्न प्रशासनले सक्दो प्रयास गरिरहेको र त्यसतर्फ प्रशासन सचेत रहेको बताएका छन् । रासस

कास्कीबाट बक्सिङ र ह्याण्डबल खेलाडी छनोट

गोल्डेन न्यूज संवाददाता
पोखरा १३ कार्तिक ।

सातौं राष्ट्रिय खेलकुद प्रतियोगिताको लागि हुने क्षेत्रीय प्रतियोगिताको लागि कास्की जिल्ला खेलकुद विकास समितिले शुक्रबार बक्सिङक र ह्याण्डबल खेलका खेलाडी छनोट कार्यक्रम सम्पन्न गरेको छ । छनोट अर्न्तगत शुक्रबार भएको बक्सिङको प्रतिस्पधामा अर्जुन गुरुङ, अजय मानन्धर, दिनेश बानियाँ, गणेश सुनार,अमृत सुनार, अमृत गुरुङ र आशिष गुरुङ छनोट भए । प्रतिस्पर्धामा लाइट ४६ देखि ४९ केजी तौलमा अर्जुन गुरुङले विशाल गौतमलाई पराजित गरे भने ४९ देखि ५२ केजी तौलमा अजय मानन्धरले मुक्तिराज खड्कलाई पराजित गरे ।

त्यस्तै ५६ देखि ६० केजीमा गणेश सुनुवार बाई पाएर सिधै छनोटमा परे भने ६० देखि ६४ केजीमा अमृत गुरुङले विशाल बस्नेतलाई पराजित गरे । यता ६४ देखि ६९ केजी तौल समूहमा सूर्य पुन वाकओभर पाउदै फाइनल प्रवेश गरे भने ५६ देखि ६० केजीमा मनिस खड्काले रोशन लामालाई पराजित गर्दै फाइनल प्रवेश गरे । ७५ देखि ९१ केजी तौलमा मधुसुदन श्रेष्ठ, दिपक परियार र सिधै छनोट भए ।

यसअघि बक्सिङ खेलको छनोट कार्यक्रमको उद्घाटन कास्कीका स्थानिय विकास अधिकारी रामचन्द्र तिवारीले गरेका थिए । छनोट कार्यक्रम कास्की जिल्ला खेलकुद विकास समितिका अध्यक्ष यामबहादुर गुरुङको अध्यक्षतामा भएको थियो भने संचालन जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख प्रकाश बरालले गरेका थिए ।

त्यस्तै शुक्रबारै कास्कीबाट ह्याण्डबल खेलका खेलाडीहरु छनोट भएका छन् । छनोट हुनेहरुमा विशाल नेपाली, चन्द्र केसी, सन्दिप खड्का, दिनेश श्रेष्ठ, विमल थापा, प्रेमबहादुर गुरुङ, गौबहादुर पुन, विश्वास गुरुङ, विमल अधिकारी, मासु गुरुङ, शरण थापा, वीरबहादुर गुरुङ छनोट भएका छन भने बैकल्पिकका रुपमा टिकाराम गुरुङ र विनोद गुरुङ छनोट भएको कास्की जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख प्रकाश बरालले जानकारी दिए ।

छनोट भएका खेलाडीहरुले अब क्षेत्रीय छनोटमा सहभागी हुने छन् । क्षेत्रीय प्रतियोगितामा छनोट हुन सफल खेलाडीले सातौं खेलकुद प्रतियोगितामा सहभागीता जनाउने छन् । राष्ट्रिय प्रतियोगितामा सहभागी ३५ खेल मध्य कास्कीले कुस्ती बाहेक ३४ खेलमा सहभागीता जनाउने छ । जिल्लामा छनोटमा विजेता खेलाडीले क्षेत्रीय छनोटमा सहभागीता जनाउन पाउने छन् ।

मंसिरमा हुने लेखनाथ महोत्सव अनिश्चित

पोखरा १३ कार्तिक ।(गोल्डेन)

देशमा आईपरेको विषम परिस्थितिका कारण पूर्व निर्धारित मितिमा लेखनाथ महोत्सव-२०७२ संचालन गर्न व्यवहारिक नहुने निश्कर्ष निकालिएको छ । लेखनाथ उद्योग वाणिज्य संघका अध्यक्ष लक्ष्मीप्रसाद त्रिपाठीको अध्यक्षतामा शुक्रवार बसेको राजनैतिक पार्टी, स्थानीय संघ संस्था र कार्य समिति सदस्य सहितको बैठकले उक्त निश्कर्ष निकालेको हो । विगत २०६१ देखि निरन्तर रुपमा लेखनाथ उद्योग वाणिज्य संघ र नेपाल उद्योग वाणिज्य महासंघको संयुक्त आयोजनामा हुदै आईरहेको लेखनाथ महोत्सव २०७२ यहि मंसिर २४ गते देखि पौष ५ गते सम्म संचालन हुने भनिएको थियो । देशको असहज वातावरण र समय अनुकुल नरहेकाले तत्कालका लागि महोत्सव संचालन गर्न नसकिने र समय अनुकुल हुना साथ महोत्सवको मिति घोषणा गरिने निर्णय गरेको छ । बैठकमा उपस्थित सम्पूर्ण राजनैतिक पार्टीका प्रतिनिधि र उपस्थित महानुभावले देशमा आईपरेको विषम परिस्थितिलाई उद्योगी व्यवसायीहरुले आफुसँग भएका सामान सहज रुपमा बजारमा विक्रिवितरण गर्नुपर्ने साथै उपभोक्ताहरुले पनि घरमा सामानको भण्डारण नगरिकन देशमा आईपरेको स्थितिमा सम्पूर्ण आम नेपालीहरुले काधमा काध मिलाई एक आपसमा सद्भाव बढाउनुपर्ने र सबै मिलेर राष्ट्रमा आईपरेको संकटको सामना गर्नुपर्ने धारणा व्यक्त गरेका थिए ।

गणित शिक्षण कार्यशाला तालिम सकियो

गोल्डेन न्यूज संवाददाता
पोखरा १३ कार्तिक ।

राष्ट्रिय शिक्षक सीप विकास फाउण्डेशन कास्कीको आयोजनामा सुरु भएको ४ दिने गणित शिक्षण कार्यशाला तालिम शुक्रबार सम्पन्न भएको छ । कार्यक्रमका प्रमुख अतिथि कापिजे विश्वविद्यालय नेदरल्याणका प्राचार्य आनिका ओष्टनले नेपालमा आएर तालिम दिन पाउँदा खुसी लागेको बताउँदै उर्जामय ढंगबाट जिज्ञासु भएर सिकेको सीप व्यवहारमा उतार्न सकिनेमा जोड दिएकी थिइन् । राष्ट्रिय शिक्षक सीप विकास फाउण्डेशन कास्कीका अध्यक्ष एवं बाल प्रभात वोर्डिङ स्कुलका प्राचार्य शालिकराम अधिकारीको अध्यक्षतामा सम्पन्न भएको तालिमलाई थिओला फाउण्डेशन, कर्म फलाईट्स संस्था लगायतको प्राविधिक सहयोग रहेको कार्यक्रम संयोजक प्रेमबहादुर कुँवरले जानकारी दिएका थिए ।

विगत ४ वर्षदेखि अन्तर्राष्ट्रिय स्तरका शिक्षक तालिमहरुको सफल कार्यशाला गर्दै आएको संस्थाले शनिबार कास्कीमा रहेका विद्यालयमा अध्यापन तरिका र आगामी आवश्यकताको आधारमा कास्तो तालिम दिने भन्ने योजनाका साथ केपिजे विश्वविद्यालयका शिक्षक प्रा. वर्ट टोला लगायतसंग परामर्श तालिम रहेको सस्थाका सचिव एवं कार्यक्रम संचालक युवराज त्रिपाठीले जानकारी दिएका थिए । समापनको अवसरमा शैक्षिक तालिम केन्द्र पोखराका गणित प्रशिक्षक चिन्तामणि शर्माले बाल मनोविज्ञानको ढोका बन्द नगरि उनीहरुको क्षमताको आधारमा सिकाउनु पर्नेमा जोड दिएका थिए । शितला मावि आरुखर्क स्याङजा, गुणस्तरीय जीवन नेपाल सराङकोट, ब्रम्हरुपा मावि, गौरिशंकर मनिलाल उमावि, बालप्रभात स्कुल, भाष्कर मेमोरियल, ताराकुञ्ज, केफ उमावि, जनचेतन प्रावि, प्रभात प्रावि शुक्ला गण्डकी उमावि लगायत विद्यालयका शिक्षक सहभागी तालिममा प्रशिक्षार्थी ताराकुञ्ज स्कुलका शिक्षक प्रतिभा शर्मा, जनचेतन प्रावि भलामका शिक्षक गुरुप्रसाद बास्तोला, कार्यक्रम संयोजक प्रेमबहादुर कुँवर, भाष्कर मेमोरियल स्कुलका प्राचार्य एवं आयोजक संस्थाका उपाध्यक्ष विश्वराज बाँस्तोला लगायतले सिकाई विधिलाई उपयोगी बनाएर व्यवहारमा उतार्न सक्नुपर्नेमा जोड दिएका थिए । कार्यक्रममा कक्षा कोठा र घर नै परिवर्तनको थलो भएकोले सबैले सिकेका सीपलाई सबैमा बाँड्न अनुरोध समेत गरेका थिए । विभिन्न विद्यालयका ६० भन्दा बढि प्रशिक्षार्थी रहेको सो तालिम फलदायी भएको सहभागीहरुले बताएका थिए ।

थापालाई पत्नीशोक

पोखरा १३ कार्तिक ।

राप्रपा नेपाल कास्कीका जिल्ला सदस्य टेक बहादुर थापाकी धर्मपत्नी पुन्ना थापाको असामयिक निधन भएको छ । उपचारका क्रममा काठमाण्डौको छाउनी अस्पतालमा ७२ वर्षको उमेरमा निधन भएको हो । वहाँको हेमजा स्थित निवासमा राप्रपा नेपालका केन्द्रीय सदस्यद्वय रमेश बहादुर भट्टराई, कुल बहादुर गुरुङ्ग कुलु, जिल्ला अध्यक्ष जयलाल पुनले पार्टीको झण्डा ओढाएर अन्तिम श्रद्धाञ्जली अर्पण गरेका थिए । राप्रपा नेपाल जिल्ला कार्यसमिति कास्की, अञ्चल समन्वय समिति गण्डकी र राष्ट्रिय पत्रकार समाज नेपालले एक संयुक्त शोक विज्ञप्ति प्रकाशित गरी यस दुःखद घडीमा वहाँको परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भनि कामना गरेको छ । स्व.पुन्ना थापाको श्रीमान, दुई छोरा रहेका छन् ।

भ्रमण गरौ पूर्वाञ्चल पुरा गरौ मनको रहर
❖प्रत्येक सोमबार धरान ईलाम हुँदै ७ दिने दार्जीलीङ्ग सिक्किम टुर खाना बाससहित रु.१२000।-मात्र
❖प्रत्येक शुक्रबार ३ दिने हलेंसी महादेव दर्शन यात्रा खाना सहित रु.५000।-मात्र
❖नेपाल तथा भारतको तीर्थयात्रा तथा खानपान सहितको शैक्षिक भ्रमणहरु गराईन्छ ।
आयोजक
श्रीकृष्ण मनकामना तीर्थयात्रा कं.प्रा.लि.
प्रधान कार्यालय : इटहरी, सुनसरी
पोखरा सम्पर्क : होटल प्लानेटसगै, लेकसाइड, पोखरा
फोन : ९८५२०५७७२९, ९८५६०३९६३३, ०६१-४६४९१९

STUDY IN JAPAN
January/April intake 2016
➔ High Visa Success rate
➔ NAT/JLPT Optional
➔ Audio/ Video को माध्यमबाट पढाइ
➔ College/ City of your Choice
➔ Free language / Documentation
➔ हप्ताको 28 घण्टा काम कलेजले नै खोजिदिने
➔ Gap भएकाले पनि Apply गर्न मिल्ने
➔ जापानमा आफ्नै Hostel र अफिस भएको
कक्षाहरू धमाधम संचालन भइरहेको छ । तुरुन्त सम्पर्क
पोखरा अफिस : JLCC Japanese Language & Culture Center
Chipledhunga, Pokhara (सिटी सेन्टरको ठीक अगाडि)
Ph.:061-535738,9846042399,9803832009
जापान अफिस: Global food trading Co.Ltd.
Ohashi Minami-ko fukuoka-shi, fukuoka, Japan Tel-81922113668

सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष/प्रधान सम्पादक गंगाधर पराजुली, निर्देशक हरिमणि बराल, संस्थापक सम्पादक रीता गुरुङ
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिप्लेढुंगा, पोखरा